मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक ७५ ● २०८१ साल माघ ११ गते शुक्रबार ● Friday 24, January 2025 ● सूर्योदयः बिहान ६:५४ बजे ● सूर्यास्तः साँझ ५:४१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## मुख्यमन्त्रीको पुत्लादहन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मगही भाषा अभियन्ताले आफ्नो भाषा सरकारी कामकाजको भाषासम्बन्धी विधेयकमा नसमेटिएकामा आपत्ति जनाउँदै मुख्यमन्त्री सतिश कुमार सिंह र शिक्षा मन्त्री रानीकुमारी तिवारीको पुत्लादहन गरेका छन् ।

विभिन्न राजनितिक दलका युवाहरुले मधेशको प्रदेशसभाअगाडि मुख्यमन्त्री र मन्त्रीको पुत्लादहन गर्दै भाषा सम्बन्धमा ल्याइएको विधेयक सच्याउन माग गरेको छ । मगही भाषाका समाचार वाचक र अभियानीसमेत रहेका फुलगेन मगहीसहितका अभियन्ताको समूहले मधेशकी शिक्षा तथा संस्कृति मन्त्री तिवारीले बुधबार प्रदेशसभामा प्रस्तुत गरेको विधेयक अन्यायपूर्ण रहेको बताउदै नसच्याइए कडा विरोधमा जाने चेतावनी दिए ।

# माघ १८ गते लेखा समितिले मुख्यमन्त्रीलाई बोलाउने



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले बजेट ल्याएको करिब सात महिना बितिसक्दासमेत विकास बजेट खर्चमा सुधार नआएपछि मधेश प्रदेश सभाको लेखा समितिले मुख्यमन्त्री सतिश कुमार सिंहलाई बोलाएर छलफल गर्ने निर्णय गरेको छ । सार्वजनिक लेखा समितिको बैठकमा माघ १८ गते मुख्यमन्त्री सिंहलाई बोलाएर पुँजीगत खर्चको अवस्था र बेरुजु समस्यालगायतका विषयमा छलफल गर्ने निर्णय भएको समितिका सदस्य रामअशिष यादवले जानकारी दिए ।

उनले बेरुजु अत्यधिक रहेको र फर्छौटको अवस्था सन्तोषजनक नरहेको विषयमा समेत छलफल गरिने जानकारी दिए । मधेश प्रदेशको हरेक मन्त्रालयलमा बेरुजुको चाङ छ । त्यसलाई मन्त्रीले फर्छौंट गर्ने कुनै रणनिति नलिएका कारण माघ १४ गते ऊर्जा र वनमन्त्रीलाई समेत बोलाउने निर्णय गरिएको छ । मधेश प्रदेशमा चालु आर्थिक वर्षमा प्रदेश सरकारले ६ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ ।

प्रदेश सरकारको ४१ अर्ब ९३ करोड ३८ लाख २० हजार रुपैयाँ बजेट छ । चालु बजेट १५ अर्ब ३५ करोड ९१ लाख ४१ हजार रुपैयाँ र पुँजीगत बजेट २६ अर्ब ५७ करोड ४६ लाख ७९ हजार रुपैयाँ छ । प्रदेश सरकारले हालसम्म चालुतर्फ २ अर्ब १७ करोड ९२ लाख ६१ हजार रुपैयाँ (१४ प्रतिशत) र पुँजीगततर्फ ४५ करोड ४३ लाख ९० हजार (१.७ प्रतिशत) मात्रै खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

जनमत पार्टीको नेतृत्वमा गठित मधेश प्रदेशमा सरकारले चालु आर्थिक वर्षमा विकास निर्माण खुला प्रतिस्पर्धा (ठेक्का) प्रक्रियाबाट गराउने निर्णय गरेको थियो । तर, सत्ता गठबन्धनबाटै विरोध भएको थियो । सत्ता साझेदार नेपाली कांग्रेस र नेकपा एमालेलगायतका दलहरुको अवरोध र समन्वय अभावले सरकारको कामकाज नै ठप्प भएको थियो । ठेक्का प्रक्रियाबाट विकास निर्माणको काम गराउने सरकारले आफ्नै निर्णयलाई उल्ट्याउँदै उपभोक्ता समितिबाट काम गर्ने संकल्प प्रस्ताव पारित भएको छ । प्रदेशसभाको आइतबारको बैठकले सत्तारुढ लोसपाकी प्रदेश सांसद रुपाकुमारी यादवले प्रस्तुत गरेको उपभोक्ता समितिबाट काम गर्न बजेट संशोधनसम्बन्धी संकल्प प्रस्ताव बहुमतले पारित गरेको हो ।

पुस २९ गते संकल्प प्रस्ताव सदनमा दर्ता भएको थियो । प्रस्तावमा ५० लाख रुपैयाँ भन्दा माथिका काम अनिवार्य ठेक्का प्रक्रियाबाट गर्ने र अन्यको हकमा नेपालको सार्वजनिक खरिद ऐनअनुसार गर्ने भनिएको छ । यसैगरी जोडिएका दुईवटा योजना सम्बन्धित मन्त्रालयको निर्णयबाट कार्यान्वयन गर्न सकिनेसमेत उल्लेख गरिएको छ । प्रदेश सरकारले एकैखालका विकास योजनालाई एकीकृत गरेर विनियोजन गरेको काम र रकमसमेत बाँडफाँट गरिने उल्लेख छ । चालु आर्थिक वर्षमा मधेश सरकारको करिब ५ हजार योजना छ । विगतमा सांसदहरुबाटै योजना खरिद बिक्री हुने गरेको आरोप अत्यधिक लागेपछि त्यस्तो प्रवृत्ति रोक्न मुख्यमन्त्री सतिश कुमार सिंहको सरकारले बजेट वक्तव्यमा खुला प्रतिस्पर्धामार्फत विकास निर्माणको काम गराउने प्रावधान ल्याएको थियो । तर, सरकारको प्रस्तावलाई गठबन्धनकै दलहरुले समर्थन नगरेपछि चालु आर्थिक वर्षको ६ महिना बितिसक्दा समेत प्रदेश सरकारको कामकाज ठप्प हुन पुगेको हो ।

# भाषा विधेयकलाई लिएर प्रदेश सभा अवरुद्ध

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रदेशको कामकाजको भाषाका रुपमा नेपालीका अतिरिक्त पाँच अरु भाषालाई अगाडि सारेपछि प्रदेशसभा सदस्यले आपत्ति जनाएका छन् । बिहीबार बसेको प्रदेशसभा बैठकमा विभिन्न दलका सांसदहरुले आआफ्नो भाषा समेटिनुपर्ने भन्दै आपत्ति जनाए ।

सांसदहरुले कुनै समुदायको भाषासंस्कृति समाप्त भए पूरै समुदायको समाप्त हुने भन्दै सबै भाषा समेटिनुपर्ने बताए । बुधबार बसेको प्रदेशसभा बैठकमा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले नेपालीका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजी भाषालाई कामकाजको भाषाका रुपमा अगाडि बढाउँदै विधेयक ल्याएकी थिइन् ।



प्रदेशसभा सदस्यहरुले प्रदेशमा बोलिने सबै मातृभाषालाई समेटेर पुनः विधेयक ल्याउनुपर्ने माग गरेका छन् । बैठक शुरु हुनासाथ नेकपा एमालेका प्रदेश सभा सदस्य राजेन्द्र चौधरीले विधेयकमा थारु भाषा छुटेकामा आपत्ति जनाउदै थारु भाषा नसमेटिएको खण्डमा प्रदेश सभा सञ्चालन हुन नदिने जनाए । त्यसपछि थारु समुदायका प्रदेश सभाका सदस्यहरुले उठेर विरोध जनाए । त्यसैगरी लोसपाका प्रदेश सभा सदस्य जयनुल राईनले उर्दू भाषा छुटेकामा आपत्ति जनाए । त्यसैगरी जनमत पार्टीका प्रदेश सभा सदस्य चन्दन सिंहले आफूहरु मधेशी भाषामा शपथ लिएको तर सोही भाषाले स्थान नपाएको भन्दै आपत्ति जनाए । यसका साथै सत्ताधारी दल नेपाली कांग्रेस सचेतक जिवछि देवी यादवले मातृभाषालाई छुट्टयाउनु आमाको दूधको दशधारा बिर्सनु जस्तै रहेको भन्दै मातृभाषा नसमेटेसम्म सदन चल्न नदिने बताइन् ।

उनले भनिन्, 'मातृभाषा आमाको दूधबराबर हो । बच्चा जन्मेदेखि नै आमाको भाषा सिकेर आएको हुन्छ भने उसले आफ्नो भाषा कसरी बिर्सन सक्छ ? यसबारे प्रदेश सरकारले सम्पूर्ण मातृभाषालाई समेटोस् । विधेयकमा मातृभाषा नसमेटिएसम्म कांग्रेसले सदन चल्न दिँदैन ।' यस्तै, नेकपा माओवादी केन्द्रका सांसद युवराज भट्टराईले मधेश प्रदेशमा रहेका मौलिक भाषा थारू, मगर, मगही, तामाङलगायतका मातृभाषालाई सम्बोधन गर्न जोडदार माग गरे । 'मधेशका मौलिक भाषाहरू थारू, मगर, मगही, तामाङलगायतका मातृभाषालाई सरकारले सम्बोधन गरियोस् भनेर सरकारसँग जोडदार माग गर्न चाहन्छु,' उनले भने । यस्तै, नेकपा एकीकृत समाजवादीकी सांसद बेची लुंगेलीले मगर, तामाङ, थारू, मगहीलगायका मातृभाषालाई मारेर प्रदेशको विकास सम्भव नभएको भन्दै विधेयक संशोधन गर्न माग गरिन् । उनले भनिन्, 'मातृभाषा जोगाउनुको साटो उल्टै प्रदेश सरकारले नै मार्ने हो भने प्रदेशको विकास कुनै पनि हालतमा सम्भव नै छैन । त्यसकारण विधेयकमा मातृभाषालाई स्थान दिइयोस् ।'

प्रदेश सभाको बैठकमा रामअशिष यादव, राम सरोज यादव, वीरेन्द्र सिंह, भाग्यश्री चौधरीसहितका प्रदेश सभा सदस्यले विधेयक सरकारले फिर्ता लिएर सबै मातृभाषालाई सम्मान हुने गरी विधेयक ल्याउन माग गरे । यता, सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री सतिश कुमार सिंहका स्वकीय सचिवले विधेयक फिर्ता लिने प्रावधानबारे बुझेर गएको र आफूले संविधानमा व्याख्या भएअनुसार गरिने सदनलाई जानकारी गराए । उनले सदनले भाषासम्बन्धी विधेयक पास वा फेल भएपछि मात्र यो विधेयक फिर्ता हुने बताए ।

संविधानको धारा ७ को उपधारा ३ अनुसार नेपालीका अतिरिक्त प्रदेशमा बहुसख्यक नागरिकले बोल्ने तीनवटासम्म प्रदेशको सरकारी कामकाजको भाषा तोक्न नेपाल सरकारले २०७८ भदौ २१ गते सिफारिस गरेअनुसार मधेश प्रदेश सरकारले प्रदेशको कामकाजी भाषाका सम्बन्धमा व्यवस्था गर्न विधेयक प्रदेशसभामा बुधवार टेबुल गरेको थियो । मधेश प्रदेश सरकारले पेस गरेको विधेयकमा प्रदेशमा बहुसंख्यक प्रदेशबासीले बोल्ने मैथिली, भोजपुरी तथा बज्जिका भाषा समेटिएको छ ।

बढीमा तीन भाषा तोकेकाले प्रदेशमा सबैभन्दा बढी बोलिने मैथिली भाषीको सख्या ४१.७३ प्रतिशत, भोजपुरी भाषीको सख्या १८.८१ प्रतिशत तथा बज्जिकाको सख्या १८.४४ प्रतिशत रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा उल्लेख छ । मधेश प्रदेश सरकारले यसअघि नै प्रदेशको राजधानी तथा नाम प्रदेशसभाबाट दुई तिहाइको मतले पारित गरेको छ । सरकारी कामकाजको भाषाको निर्णय प्रदेशसभाको बहुमतले पारित गर्नुपर्ने संवैधानिक एवम् कानूनी व्यवस्था छ ।






## 'महिला भएकै कारण विभेद'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाका महिला प्रदेशसभा सदस्यहरुले महिला भएकै कारण विभेद हुने गरेको गुनासो गरेका छन् । लैङ्गिक संवेदनशील संसदीय रिपोर्टिङ्गसम्बन्धी तीन दिवसीय कार्यशाला समापन कार्यक्रममा बिहीबार महिला प्रदेशसभा सदस्यहरुले सदन बाहिर तथा सदनभित्र दुवै स्थानमा आफूहरुमाथि विभेद हुने गरेको दुखेसो गरेका हुन् । मधेश प्रदेश सभाका उपसभामुख बबिता राउत इसरले भनिन्, 'महिलाले राजनीतिमा अवसर पाउन सजिलो छैन । म लामो सङ्घर्षपश्चात नै राजनीतिमा अवसर पाएको हुँ ।' उनले महिलाहरुको राजनीतिमा संख्यात्मक उपस्थिति बढे पनि त्यसलाई गुणात्मक उपस्थितिमा बदल्न सञ्चार जगतको साथ र सहयोग आवश्यक रहेको बताइन् । कार्यक्रममा प्रदेशसभा सदस्य किरण साहले प्रदेशसभा सदस्य शाहिदा खातुनमाथि भएको आक्रमणको विषयमा मिलेर आवाज उठाउनुपर्ने बताइन् । प्रदेशसभा सदस्य एवम् नेपाली कांग्रेसका सचेतक जिवछी यादवले महिला प्रदेशसभा सदस्यलाई बजेट विनियोजन तथा निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने र महिला राजनीतिकर्मीले उठाएका समस्यालाई गम्भीरतापूर्वक लिन आग्रह गरिन् । उनले महिला प्रदेशसभा सदस्यले सरकारलाई दिने सुझावको कुनै सुनुवाइ नहुने गरेको गुनासोसमेत गरिन् । त्यसैगरी, अर्का प्रदेशसभा सदस्य अनिताकुमारी साहले महिला प्रदेशसभा सदस्यको आवाज सरकारले नसुन्ने गरेको गुनासो गरिन् । कार्यक्रममा प्रदेशसभा सदस्य शाहिदा खातुनले आफूमाथि भएको आक्रमणको विषयमा जानकारी गराउँदै सरकारले न्यायका लागि कुनै पहल नगरेको दुखेसो पोखिन् ।

# सम्पूर्ण मधेश एक बनाउन एकाकार हुन जरुरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले सम्पूर्ण मधेश एक बनाउन एकीकृत हुनुपर्ने बताएका छन् । डा.बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला मधेशलाई दुई प्रदेश बनाउने सहमति भएको तर मधेशवादी दलका कारण मधेश ८ जिल्लामा सीमित भएको उनले बताए ।

छापामार शैलीमा भएको एकीकरण छापामार शैलीमा टुक्रिएको बताउँदै उनले प्रदेशमा चुनाव गराउने समयमा भूगोलमा बेइमान गरेका कारण आफू एकीकरणमा नगएको उनले बताए । बिहीबार गजेन्द्रनारायण सिंहको २४ औँ स्मृति दिवसको उपलक्ष्यमा गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रले गरेको 'गजेन्द्र बाबुको चिन्तन र मधेशको भावी कार्यदिशा' अन्तरक्रियामा उनले अहिलेको मधेशको राजनीति जातका आधारबाट विभाजन भएको बताए ।

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष एवम् अधिकार तथा पहिचानवादी नेता गजेन्द्र नारायण सिंह (गजेन्द्र बाबु ) को २४ औँ पुण्यतिथि राष्ट्रिय मुक्ति पार्टीका राष्ट्रिय अध्यक्ष राजेन्द्र महतोको जनकपुरधामस्थित निवासमा श्रद्धाञ्जलि कार्यक्रम गरेर मनाइएको छ । कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय नेता रमन पाण्डेय, संजय सिंह, रामकृपाल साह, संजय चौधरी, दीपक झा, बिनोद ठाकुर, नीतू यादव, संकर पासवान, पत्रकार गणेश रायलगायतको सहभागिता थियो ।

**सिंहको २४ औँ स्मृति दिवस**

नेपालको लोकतान्त्रिक आन्दोलनका योद्धा स्व. गजेन्द्रनारयण सिंहको २४ औँ स्मृति दिवसका अवसरमा जनकपुर बौद्धिक समाजद्वारा गरिएको श्रद्धाञ्जलिसभामा समाजका संयोगक राघवेन्द्र साहले नेपालको लोकतान्त्रिक आन्दोलनमा सिंहको ठूलो रहेको बताए । उनले भने, 'गजेन्द्रनारायण सिंहले पहिचानका लागि पु¥याउनुभएको योगदान महत्वपूर्ण थियो ।'

सरकार गठन गरी संविधान संशोधन गरेर मुलुकलाई आर्थिक रुपमा अगाडि बढाउनु नै अहिलेको मुख्य आवश्यकता रहेकोमा उनले जोड दिए । सिंहको सम्झनामा गरिएको श्रद्धाञ्जलि कार्यक्रममा केबल कुमार शर्मा, सरफु दीन राइन, प्रा.रमेश कुमार साह, पत्रकार कमल साह, श्रीनारायण साह र सरोज यादव, डा. शम्भु साह, डा.अशोक साह, श्रीचन्द साहले सरकारले तराईमा देखिएका समस्या सम्बोधन गरे मात्र सिंहप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए ।

# पहिलो पटक इजलाश कक्षको स्थापना

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा पहिलो पटक इजलाश कक्षको स्थापना गरि सञ्चालनमा ल्याइएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अग्रसरता र पहलमा जिल्ला प्रशासन कार्यालयमा इजलाश कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको हो । जिल्ला प्रशासन कार्यालयले हर्ने अभद्र व्यवहार, जुवा ऐन अन्तर्गतका मुद्धाहरुको बहश, पैरवी र फैसला गर्नका लागि कार्यालय भवनमै बुधबारदेखि इजलास कक्ष स्थापना गरेर सञ्चालनमा ल्याइएको प्रजिअ अर्यालले बताए । जिल्ला प्रशासन कार्यालयको मुद्धा फाँट छेउको कोठामा स्थापना गरिएको इजलास कक्षको प्रजिअ अर्यालले नै उद्धाटन गरेका थिए । हरेक जिल्लाको जिल्ला प्रशासन कार्यालयमा छुट्टै इजलास कक्ष अनिवार्य हुनुपर्छ । तर पर्साको जिल्ला प्रशासन कार्यालयमा अहिलेसम्म इजलाश कक्ष नै थिएन । जसका कारण जिल्ला प्रशासन कार्यालयले हेर्ने अभद्र व्यवहार, जुवा ऐन अन्तर्गत लगायतका मुद्धाहरुको बहश, पैरवी, फैसला लगायतको न्याय सम्पादनमा असहजता हुने गरेको थियो । त्यसैलाई मध्यनजर गरेर नै बुधबारदेखि कार्यालय भवनकै एक कोठामा इजलाश कक्षस्थापना गरेर सञ्चालनमा ल्याइएको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए ।

# वीरगंजमा वृक्षारोपण



**मधेशदृष्टि**
**वीरगंज ।**
७३ औँ अन्र्तराष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा वीरगंजमा बिहीबार वृक्षारोपण गरिएको छ । वीरगंज भन्सार कार्यालयको आयोजनामा वीरगंज महानगरपालिका वडा नम्बर १६ स्थित भन्सार क्षेत्रको सडक छेउमा वृक्षारोपण गरिएको हो ।
भन्सार गेटदेखि शंकराचार्य प्रवेशद्वारसम्मको सडक छेउमा विभिन्न प्रजातिका ९० वटा विरुवाहरु रोपिएको हो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दिपक लामिछानेको प्रमुख आतिथ्यता तथा सामुदायिक सेवा केन्द्र आदर्शनगरका उपाध्यक्ष संजय शर्माको अध्यक्षतमामा भएको वृक्षारोपण कार्यक्रममा प्रमुख भन्सार अधिकृत रामप्रसाद पाठक, राजेन्द्र ढुंगाना, लेखाअधिकृत हृदय नारायण साह लगायतको सहभागिता रहेको थियो ।

# सीमा क्षेत्रमा लागुऔषध र सीमा सुरक्षासम्बन्धी कार्यक्रम

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सशस्त्र प्रहरी बल, नेपालले पछिल्लो एक सातामा लागुऔषध, सीमा सुरक्षाका विषयमा तीन सय ६१ वटा सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । सशस्त्र प्रहरी दिवसका सन्दर्भमा साताव्यापी कार्यक्रमअन्तर्गत आजसम्म देशभरका सीमा क्षेत्रमा उक्त कार्यक्रम गरिएको हो । 'नशारहित युवा–हाम्रो देशका कर्णधार, सीमानाको रक्षा–राष्ट्र निर्माणको आधार' मुख्य नारासहित उक्त कार्यक्रम गरिएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता, सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले जानकारी दिए । दिवसका अवसरमा सीमा क्षेत्रमा लागुऔषध प्रयोग तथा ओसारपसार सम्बन्धमा भएको नेपाल र भारतको कानुनी व्यवस्था उल्लेख गरी 'नशारहित युवा–हाम्रो देशका कर्णधार, सिमानाको रक्षा–राष्ट्र निर्माणको आधार' लेखिएको दुई सय १३ होर्डिङ बोर्ड पनि राखिएको उनले बताए । यस कार्यक्रमअन्तर्गत सशस्त्र प्रहरी बल नेपालका इकाइहरुबाट स्थानीय विद्यालयमा विद्यार्थीहरुलाई लागुऔषधसम्बन्धी दुई सय ६२ स्थानमा जनचेतनामूलक प्रशिक्षण गराइएको छ, जसमा १२ हजार तीन सय ६८ जना सहभागी भएका छन् । लागुऔषध दुव्र्यसनीसम्बन्धी २१ स्थानमा सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ, विद्यालय तथा स्थानीय क्लबहरुमा गई 'लागुऔषध,



सीमा सुरक्षा र युवा' मा केन्द्रित भई १५ स्थानमा निबन्ध लेखन तथा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय काठमाडौँले जानकारी दिएको छ । यसैगरी, सीमा इलाकाका भारतीय समकक्षीसँग लागुऔषध नियन्त्रण सम्बन्धमा ५१ वटा समन्वयात्मक बैठक गरिएको छ । सशस्त्र प्रहरी बल नेपालका इकाइहरुले जिम्मेवारी क्षेत्रमा भएका लागुऔषध प्रयोग, दुव्र्यसनी तथा नियन्त्रण सम्बन्धमा भएका क्रियाकलापहरुको अभिलेख राख्ने कार्य थालिएको बताइएको छ ।
यसैगरी, शीघ्र प्रभाव आयोजनाअन्तर्गत समुदाय विकास तथा क्षमता अभिवृद्धि, स्वास्थ्य, कल्याणकारी, पर्यावरण संरक्षण तथा हरियाली अभियान तथा महिला सशक्तीकरण गरी सशस्त्र प्रहरी बल नेपालले देशभर चार सय ७३ कार्यक्रम सञ्चालनबारे जानकारी गराएको छ । समुदाय विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत एक सय २९ जनचेतनामूलक कार्यक्रम गर्नाका साथै निर्माणअन्तर्गत १३ स्थानमा चौतारा, १३ प्रतीक्षालय, सात सार्वजनिक शौचालय र १८ खानोपानीको धारा निर्माण गरिएको छ । यसैगरी, स्वास्थ्यअन्तर्गत १० स्थानमा स्वास्थ्य शिविर र ३० स्थानमा रक्तदान कार्यक्रम, पर्यावरण संरक्षण तथा हरियाली अभियानअन्तर्गत एक सय ९८ स्थानमा सरसफाइ र ३४ स्थानमा वृक्षरोपण तथा महिला सशक्तीकरण अभियानअन्तर्गत ११ वटा आत्मरक्षा तालिम दिइएको प्रवक्ता न्यौपानेले बताए ।

# भारतीय मन्त्रीद्वारा नेपालीको ग्रन्थ विमोचन

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नेपालका प्रेस स्वतन्त्रता सेनानी तथा लोकमत हिन्दी साप्ताहिकका संस्थापक स्वर्गीय राजेश्वर नेपालीको अभिनन्दन ग्रन्थ भारत सरकारका कृषि तथा पशुपालन राज्यमन्त्री सीपी बघेलले देवघर पुस्तक मेलामा विमोचन गरेका छन् ।
उनले भने, 'नेपालमा प्रजातन्त्र स्थापनाका लागि राजेश्वर नेपालीको योगदान सक्रिय थियो ।' छात्र जीवनबाट राजतन्त्र समाप्तिका लागि लेखन कार्यमा नेपालीको योगदान सम्झिइएको थियो । नेपालीले पटकपटक काराबासको सजाय पाएका थिए ।
'नेपालीको शरीर नश्वर भयो तर आत्मा अमर छ, उहाँलाई सधैँ सम्झिइनेछ,' बघेलले भने ।
विमोचनक्रममा शान्ति निकेतनका शिक्षाविद् डा. रामचन्द्र राय, नेपालीका छोरा नेपाल हिन्दी सम्मेलनका अध्यक्ष राघवेन्द्र साह, भाजपा जिल्ला महासचिव देवघरका पंकज सिंह भदौरियालगायतका व्यक्तित्वको उपस्थिति थियो ।

# नेपालमा मोती उत्पादन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मोती समुद्रमा मात्र पाइन्छ भन्ने अबुझाइ चिर्दै पछिल्लो समय पोखरी र तलाउमा समेत मोती उत्पादन गर्न थालिएको छ ।
नेपालमै केही व्यक्तिले मोतीखेती गर्न थालेपछि यो व्यवसाय परिचित बन्दै गएको छ । यद्यपि, पोखरी र तलाउमै मोतीखेती कसरी गर्ने भन्ने प्राविधिक ज्ञानको भने कमी देखिन्छ । यही परिस्थितिलाई मध्यनजर गर्दै किसानहरूलाई मोती उत्पादनबारे तालिम दिन सक्ने कृषि अधिकृत र प्राविधिक तयार पार्न थालिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धनुषाले माछा जोन र सुपरजोन एकाइका कृषि अधिकृत र प्राविधिकहरूलाई दक्षता विकासका लागि चारदिने स्थलगत व्यावहारिक प्रशिक्षण दिएको हो । नार्कअन्तर्गतको मत्स्य अनुसन्धान केन्द्र बेगनास कास्कीमा माघ ६ देखि ९ गतेसम्म प्रशिक्षण सञ्चालन गरिएको हो ।
माछा जोन, सुपरजोन एकाइहरू कैलाली, रुपन्देही, मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, बारा र बर्दियाका अधिकृत तथा प्राविधिकहरूलाई अनुसन्धान केन्द्रका वरिष्ठ वैज्ञानिक तथा मोतीपालन विज्ञ डा. इकबाल हुसेनले प्रशिक्षण दिनु भएको हो । कृषि अधिकृत तथा प्राविधिकहरूलाई तालिमपश्चात् आफ्नो जोनभित्रका कृषकहरूलाई दक्ष बनाई मोतीखेतीको व्यवसाय बढाउन सहयोगी भूमिका निर्वाह गर्न सक्ने गरी क्षमता अभिवृद्धि गरिएको परियोजना कार्यान्वयन एकाइ धनुषा र मधेश प्रदेशका परियोनजा समन्वय एकाइ प्रमुख वरिष्ठ कृषि अधिकृत ललनकुमार सिंहले बताए ।




# मदरसामा सुइटर वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका–१ पाडेपुरमा अवस्थित मदरसामा अध्ययनरत मुस्लिम समुदायका ३० जना बालबालिकालाई ऊनको सुइटर वितरण गरिएको छ । जनमत पार्टी पर्साका नेता बृजेश्वर प्रसाद चौधरीले बिहीबार बिहान मदरसामा पुगेर चिसोबाट प्रभावित विपन्न बालबालिकालाई सुइटर वितरण गरेका हुन् । बालबालिकाको स्वास्थ्यमा चिसोले पर्ने असरलाई मध्यनजर गर्दै सहयोग गरिएको चौधरीले बताए । सुइटर वितरण कार्यक्रममा मदरसाका शिक्षक मौलाना हरसुदिन राउत गद्दी, सामाजसेवी शहरुम राउत गद्दी, पूर्व गाविस अध्यक्ष मोहीलाल राउत गद्दी, शुभावती देवी, चन्दन रामलगायतको उपस्थिति रहेको थियो ।

# भूमी आयोग पर्साका अध्यक्ष अहमदद्वारा पदभार ग्रहण

**मधेशदृष्टि**
**वीरगंज ।**
भूमी समस्या समाधान आयोग पर्साको अध्यक्षमा नियुक्त तबरेज अहमदले कार्यभार सम्हालेका छन् । गएको पुस २९ गते सरकारले पर्सामा अहमदसँगै ७७ जिल्लामा भूमि समस्या समाधान आयोगको अध्यक्ष नियुक्त गरेको थियो । नियुक्त भएको दुई सातापछि अहमदले बिहीबार वीरगंजस्थित भूमी समस्या समाधान आयोग पर्साको अध्यक्षको पदभार ग्रहण गर्दै विधिवत रुपमा कार्यभार सम्हालेका हुन् । जनता समाजवादी पार्टी (जसपा) का युवा नेतासमेत रहेका अहमदले यसअघि २०७८ चैतमा पनि पर्साको भूमी आयोगको अध्यक्षको जिम्मेवारी सम्हालिसकेका छन् । जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ र पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अध्यक्ष अहमदलाई पदभार ग्रहण गराउँदै सफल कार्यकालका लागि शुभकामना दिए ।
बिहीबारदेखि पदभारग्रहण गर्दै कार्यभार सम्हालेका अध्यक्ष अहम्मदले यसअघिको दुई वर्षे कार्यकालमा पर्सा जिल्लामा रहेका भूमीहिन विपन्न, दलित, अल्पसंख्यक समुदायका लागि आँफुले धेरै कामहरु गरिसकेको र अधुरा रहेका कामहरु यस कार्यकालमा पूरा गर्ने प्रतिबद्धता जनाए । अबको ३ वर्षे कार्यकालमा पर्सामा विद्यमान भूमि सम्बन्धि समस्या स्थायीरूपमा समाधान हुने उनले दाबी गरे ।
अध्यक्ष अहमदले साविकका आयोगदेखि हालसम्मको आयोगले गरेका कामकारबाहीलाई समेट्ने गरि स्मारिका प्रकाशित गर्ने निर्णय पनि गरेको जानकारी दिए । कार्यक्रममा नेकपा एमाले पर्साका अध्यक्ष डा. विश्वम्भर शर्मा, जसपाका नेता प्रेमबाबु पटेल, पर्साका प्रहरी उपरीक्षक कुमोध ढुंगेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, ठोरी गाँउपालिकाकी उपाध्यक्ष गोकुली रेग्मी, जिल्ला समन्वय समिति पर्साका प्रशासकीय अधिकृत महमद शेरे मुस्तफा, नेपाल पत्रकार महासंघ पर्साका सचिव विजय चौहान, जसपाका नेताहरु असलम आलम, मुकेश द्विवेदी, अमित यादव, मुस्तकिम अन्सारीलगायतकाको उपस्थिति रहेको थियो ।



**पशुलाई खोरेत रोगविरुद्धको खोप:** सर्लाहीको बलरा नगरपालिका–१० का किसानले पालेको गाईलाई खोरेत रोगविरुद्धको खोप लगाउदै पशु चिकित्सक । सर्लाहीमा खोरेत रोग विरुद्धको खोप एक लाख २१ हजार गाई भैँसीलाई लगाइने भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्रले जनाएको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# मिटरब्याज पीडितद्वारा पुनः आन्दोलनको घोषणा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले मिटरब्याजपीडितको मागप्रति बेवास्ता गरेको भन्दै मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालले पुनः आन्दोलनका कार्यक्रमहरू घोषणा गरेको छ । आन्दोलनका कार्यक्रमअन्तर्गत माघ १४ गतेदेखि जनकपुरधामबाट एक महिने आन्दोलन गर्ने मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका प्रवक्ता निर्ग नवीनले जानकारी दिए । सरकारले मिटरब्याजसम्बन्धी समस्या समाधान गर्न कुनै काम अघि नबढाएको नवीनले बताए । मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी समस्या समाधानका लागि सरकारले गठन गरेको आयोग आफैँ अलपत्र परेको छ । आयोगको म्याद सकिएको साढे तीन महिना हुँदा पनि म्याद थप नहुँदा काम प्रभावित भएका छन् । मिटरब्याज पीडितहरूसँगको सहमतिपछि दोस्रो आयोगको रूपमा ०८० चैतमा सरकारले पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको थियो । गत १५ असोजसम्म म्याद रहेको आयोगले काम पूरा गरेको छैन । सरकारले आयोग अलपत्र पारेको छ । म्याद गत १५ असोजसम्म थियो । तर, सरकारले न आयोगको म्याद थप्यो न कुनै विकल्प अपनाएको नविनको गुनासो छ ।

# आयोजना अलपत्र हुँदा खानेपानी समस्या

**मधेशदृष्टि**
**बरहथवा ।**
छ वर्षदेखि खानेपानी आयोजना निर्माण अलपत्र पर्दा सर्लाहीको हरिवन नगरपालिका–५, का स्थानीय खानेपानीको चरम मारमा परेका छन् । स्वच्छ खानेपानी पाउने आशमा निर्माणाधीन आयोजना हेरेर बसेको लामो समय भैसक्दा पनि पानी खान नपाएको सिद्धार्थ टोल निवासी ३५ वर्षीया सरिता लामाले गुनासो पोखिन् । खानेपानीको काममा ढिलासुस्ती हुँदा निकै दुःख पाएको उनको भनाइ छ । लामाको आँगनमा गाडेको ट्युबेलबाट निकै आर्सेनिकयुक्त पनि आउने गरेको थियो । आर्सेनिक पानीले गाउँमा क्यान्सरको सङ्क्रमण फैलिएको हल्लापछि उनले पनि ट्युबेलको पानी प्रयोग बन्द गरे । तर, त्यसको विकल्पमा विपन्न परिवारले जारको पानी किनेर खाने अवस्था नरहेको उनी बताउँछिन् । 'बिहान पानी आउने समयमा कहिले बालबालिका स्कुल पठाउने चटारो हुन्छ' लामाले भनिन्, 'पानी आएर गइसकेको हुन्छ । थाप्न पनि भ्याइँदैन । साँझमा पनि विजुली भएको समय दुई घण्टा आउँछ । खाना पकाउने पानीसम्म पनि कि त किन्नु पर्यो कि त माग्नुपर्छ ।'



लामाजस्तै हरिवन नगरपालिका–५, निवासी प्रेमशीलाकुमारी साहको समस्या पनि फरक छैन् । घरमा एक्ले रहेकी उनी कयौन पटक पानी थाप्न नपाउँदा खाने पानीसमेत किनेर खानुपरेको बताउँछिन् । अझ पानीको समस्याले धेरै महिलालाई पिरोल्ने गरेको उनको अनुभव छ । पानीको समस्याले परिवारमा कलह हुने तथा महिला घरेलु हिंसासमेतमा परेको उनको भनाइ थियो । खेतबाट फर्कँदा पानी थाप्छ ढिला भएकाले छिमेकमा झैझगडासमेत हुने गरेको उनी सुनाउँछिन् ।

हुने खानेहरू जारको पानी किनेर खाने गर्छन, विपन्न परिवार अलपत्र आयोजनाको चपेटामा रहेका उनको भनाइ छ । पानीको समस्याले पालेको पशु वस्तुसमेत बेच्नु परेको साहले गुनासो गरिन् ।

विसं २०७५ सालबाट निर्माण शुरु भएको आयोजनामा चरम ढिलासुस्ती भएपछि उपभोक्ता समितिले सिधै डिप बोरिङबाट पानी वितरण शुरु गरेको छ । यसले एकतर्फ स्थानीयलाई पानी कुरेर बस्नु पर्ने बाध्यता छ । अर्कोतर्फ समितिको विद्युत् लगानीलगायतको खर्च आम्दानीभन्दा धेरै हुने गरेको सिद्धार्थ टोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अध्यक्ष मनोज लामाले गुनासो गरे । उनले भने, 'सरासर काम गर्दा सात महिनामा सकिने काम छ वर्षदेखि अलपत्र पारेर राख्दा आयोजनाको लागत समेत बढिरहेको छ ।' नगर जिल्ला खानेपानी, प्रदेश तथा सङ्घीय सरकारसम्म पुग्दा पनि आश्वासन बाहेक केही नपाएको उक्त वडाका वडाध्यक्ष नागेन्द्र साह बताउँछन् । पानी खुवाउन भनेर पाइप लाइन र धारासमेत वितरण भइसक्दा पनि ओभरहेड ट्याङ्की निर्माण नसकिएको उनको भनाइ छ ।

काम अलपत्र हुँदा वडाका नौ सय नौ हजार तीन सय घरधुरीले स्वच्छ खानेपानीको सुविधाबाट बञ्चित हुनुपरेको छ । यस वडामा झण्डै डेढ दशकदेखि मानिसमा क्यान्सरजन्य घातक रोगको सङ्क्रमण देखिएको छ । क्यान्सरको सङ्क्रमणबाट आक्रान्त स्थानीयले पानीको समस्या आँकलन गर्दै ट्युबेलको पानी प्रयोग बन्द गरेका छन् । त्यसयता यस वडामा मात्र एक दर्जन बढी गाउँका स्थानीयले पिउने पानीको सङ्कट झेलिरहेका छन् । यस क्षेत्रका ट्युबेलको पानी परीक्षणमा अत्यधिक मात्रामा आर्सेनिक फेला परेको थियो ।

अत्यधिक आर्सेनिक युक्त पानी फेला परेको र स्थानीयमा क्यान्सरको महामारी रहेको विभिन्न सञ्चार माध्यममा खबर फैलिए पछि सङ्घीय सरकार अन्तरगत खानेपानी मन्त्रालयले पानी परीक्षण गराएको थियो । त्यसबाट यस क्षेत्रका ट्युबेलको पानी पिउन अयोग्य रहेको भन्दै प्रदेश सरकारले उक्त खानेपानी तथा सरसफाइ आयोजना शुरु गरेको थियो । आयोजना अन्तरगत ओभरहेड ट्याङ्की निर्माणकार्य नै अलपत्र बनेपछि स्थानीयको खानेपानीको समस्या ज्युँका त्युँ बनेको हरिवन नगरपालिका प्रमुख रमेश बुढाथोकीले बताए । प्रदेशबाट शुरु भएको योजना भएकोले नगरले लगानी गर्न पनि नसकेको र ताकेता गर्दा पनि अटेर गरेको उनको दावी छ ।

यता डिभिजन खानेपानी तथा सरसफाइ कार्यालय मलङ्गवाका निमित्त प्रमुख रामनाथ साहले प्राप्त बजेट अभावमा समयमै कार्य सम्पन्न हुन नसकेको बताए ।

'यो सङ्घीय सरकारको योजना हो' उनले भने, 'वर्षेनी थोरैथोरै मात्र बजेट आउँदा काम ढिलाइ भएको हो ।' यस वर्ष प्रदेश सरकारबाट ४० लाख बजेट विनियोजन भएकाले काम सम्पन्न हुने उनले विशवास व्यक्त गरे । दुई लाख २५ हजार घनमिटर क्षमताको ट्याङ्की निर्माणको लागि सङ्घ सरकारले गत वर्षसम्म ८० लाख रुपैयाँ खर्च गरिसकेको बताइएको छ । यस वर्ष सङ्घ सरकारबाट थप बजेट नआएपछि प्रदेशबाट ४० लाख रुपैयाँ हालेर काम सम्पन्न गर्ने योजना बनाएको उनको भनाइ थियो ।

एक वर्षमा निर्माण सम्पन्न गर्ने गरी २०७७ साउन २० गते कमलेश निर्माण सेवा लक्ष्मीपुर–५, सर्लाहीले ओभरहेड निर्माणको ठेक्का सकारेको थियो । निर्माण कम्पनीले कुल ७४ लाख ९९ हजार तीन सय ४२ रुपैयाँ २७ पैसामा ठेक्का लिएको डिभिजन खानेपानी कार्यालयले जनाएको छ । रासस

# टोलटोलमा सडक कालोपत्र गर्दै बर्दिबास नगरपालिका




**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको बर्दिबास नगरपालिका–१० खयरमाराका स्थानीय रोशन लामा हिजोआज गाडी चढेर गाउँदेखि १५ मिनेटमा बर्दिबास पुग्छन् । १२ किलोमिटर दुरीमा रहेको बर्दिबास पुग्न पहिले एक घण्टा भन्दा बढी लाग्थ्यो । बर्दिबास–५ चेरुका राम भण्डारीलाई पनि गाउँबाट बर्दिबास आउजाउ गर्न १० मिनेटमात्रै लाग्न थालेको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा सडक कालोपत्र गरेपछि स्थानीयवासीलाई गाउँ सहर गर्न सजिलो भएको हो । बर्दिबास नगरपालिकाले चालु आवमै २५ किलोमिटर सडक कालोपत्र गरेको छ । अझै पनि टोलटोलका सडकमा कालोपत्रे र ढलान गरिरहेको छ ।

नगरभित्रका सडकहरु वर्षौंदेखि जीर्ण हुँदा हिलो र धुलोका समस्या भोग्दै आएकामा सडक पक्की भएपछि गाउँले हर्षित भएको बर्दिबास–३ की आशा तोलाङ्गेले बताइन् । नगरपालिकाले चालु आवमा खयरमारा, पाटु, टुटेश्वर, गडन्ता, माईस्थान, किसाननगर, विजलपुरा जस्ता गाउँलाई कालोपत्र सडकसँग जोडेको छ । भौगोलिक बनोटका कारण भौतिक विकास गर्न कठिनाई भइरहे पनि नगरपालिकाले निरन्तर पूर्वाधार निर्माण गरिरहेको नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले बताए । उनले सडक कालोपत्र भएपछि स्थानीय उत्पादनलाई बजारसम्म पु¬याउन सहज भएको बताए । नगरपालिकाले १४ वटै वडाका सडकलाई धुलो र हिलोमुक्त बनाउने लक्ष्य लिएर काम गरिरहेको प्रमुख क्षेत्रीको भनाइ छ ।

# बाथरोगीका लागि आँखा शिविर



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी आँखा अस्पतालले बाथरोगका विरामीहरुका लागि निशुल्क आँखा चेकजाँच सम्बन्धि शिविर आयोजना गर्ने भएको छ । 'अथ्रिरटिस अवार्नेश डे'को अवसरमा यहि माघ २० गते आइतबार नारायणी आँखा अस्पतालको प्राङ्गनमा शिविर आयोजना हुन लागेको हो । बाथ(गेठिया)ले जोर्नीमात्रै नभएर शरिरका सबै अंगहरुमा असर गर्न सक्छ । बाथले मुख, आँखा, ढाड जुनसुकै ठाउँमा पनि असर गर्ने भएकोले बाथ रोग लागेका विरामीहरुको निशुल्क आँखा परीक्षण गर्ने शिविरको उद्देश्य रहेको अस्पतालका डाक्टर बिपिन विष्टले जनकारी दिए ।

# गेग्रान बगर बन्यो 'सुन फल्ने' जमिन

**मधेशदृष्टि**
**महोत्तरी ।**
गरे के हुँदैन भन्ने आहान अहिले महोत्तरीको गौशाला–८ कुष्माढीको सनीखोला किनार अवस्थित नदीउकास जग्गा हेरे चरितार्थ हुन्छ । तीन वर्षअघिसम्म गेग्रान बलौटे खोलाको ढड्यान जग्गा किसानको मेहनतले अहिले 'सुन फल्ने' जमिन बनेको हो । दुबो पनि नमौलाउने गेग्रान अहिले जता हे¥यो उतै हराभरा छ । सनीखोलाले बहाव छोडेर उकासेको बगरमा कुष्माढीका भूमिहीन किसानले नङ्ग्रा खियाएका तीन वर्ष भएको छ । नदीले बहाव छाडेको नदीउकास बगरको एक सय एक बिघा जग्गामा अहिले थरिथरिका फलफूलका बोट हलहली बढ्दैछन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले फलफूल रोपणमा किसानलाई सघाएको छ । यहाँ आँप, लिची र कागतीसहितका ११ हजार बोट हुर्कदैछन् । बगैँचाभित्र तरकारी बाली लहलह छ । यो बगरमा कुष्माढीका दुई सय एक भूमिहीन किसानको मेहनत हाँसेको छ । गौशाला नगरपालिकाले भूमिहीन किसानको परिवार सख्यांका आधारमा चार कट्ठादेखि १० कट्ठासम्म जग्गा छुट्याइदिएपछि २०७८ को अन्त्यतिर खनजोत थालिएको हो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी), सेभ द चिल्ड्रेन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समुन्नति कार्यक्रम, सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल र गौशाला नगरपालिकाको साथले किसानको हौसला बढेको छ ।

हराभरा बगरमा कतै गहुँ लहलह बढ्दैछ । कतै आलु धमाधम खनिँदै छ । किसानले जैविकखेती गर्ने हुँदा यहाँ उत्पादित फसल उपभोक्ताको पहिलो रोजाइमा पर्छन् । अहिले यहाँका किसानलाई उपभोक्ता ग्राहकलाई आलु तौलेर दिन भ्याइनभ्याइ छ । 'आलु लिने धेरैजसो खेतमै आइपुग्छन्', आलुखेतीका किसान चन्द्रकला महरा भन्छिन्, 'बगरखेती थालिकन गुजाराकै चिन्ता लिनुपरेको छैन', बगरखेतीमा कुष्माढीका मुसहर, चमारसहितका गरिब दलित समुदाय र कोइरी, यादव र मगरसहितका जनजाति संलग्न छन् । यहाँका किसानलाई गौशाला नगरपालिकाले नदीउकास क्षेत्रभित्रका चार किलोमिटर क्षेत्रभित्र विद्युतीकरण, दुई वटा डिपबोरिङ र सिँचाइका लागि छ वटा पोखरी निर्माण गरी दिएको छ ।

यसैगरी समुन्नति कार्यक्रमले मलका लागि गड्यौलाखेती गर्न सिकाएको छ । यसैगरी सामुदायिक विकास तथा पैरवी मञ्चले खेतीमा प्राविधिक र बीउबिजनको सहयोग गरेपछि आफूहरुलाई खेतीमा जाँगर बढेको किसान कामेश्वर महतो बताउँछन् । 'हामीसँग आफ्नो जग्गा थिएन, नगरपालिका र अरु संस्थाको सहयोगले खेती गर्ने जग्गा र अन्य सहयोग पायौँ, अब कसैकहाँ मजदुरी गर्न जान परेको छैन', महतो भन्छन्, 'हामी मजदुरलाई बगरखेतीले किसान बनायो ।'

बगरखेती गर्न थालेपछि कहिल्यै धन सञ्चय नगर्ने जाति समुदायको परिचय बनेका मुसहर पनि उम्दा किसानमा दरिएका छन् । मधेशमा मुसहरका लागि 'न राख्ने अन्न, न साँच्ने धन' भन्ने आहानै छ । कृषि कार्यमा पोख्त मानिने मुसहरको किसानका खेतमा मजदुरी गरेर गुजारा चलाउने स्थापित परिचय छ ।

पछिल्लो कालमा सनीखोलाको नदीउकास जग्गा पाएपछि आफ्नै खेती थालेका मुसहर अन्न र नगद सञ्चय गर्न सक्षम भएका छन् । 'नदीउकास बगर पाएको पहिलो वर्ष त ढुङ्गा, गेग्रान खोस्रेर छेउ लाउँदै बित्यो, दोस्रो वर्षदेखि फसल लिन पाएका छौँ', कुष्माढीका मुसहर समुदायकी ३५ वर्षीया कविता सदा भन्छिन्, 'अब जहान परिवारको प्रतिपाल यही बगर खोस्रेर पुग्छ ।' पहिलेको बलौटे ढड्यान जग्गा नियमितको खनजोत, सिँचाइ र जैविक मलले अब उर्बर जग्गा बनेको छ ।

उत्तरतिर वनक्षेत्रसँगै जोडिएको यो जग्गामा वनक्षेत्र, खोल्साखोल्सी र खोलाले बगाएर ल्याएको पाँगो माटोले रोपिएका फलका रुख दुई वर्षमै हुर्केका र बालीनाली पनि हलक्क बढ्ने गरेको गौशाला–८ का वडाध्यक्ष भोजबहादुर दर्लामी बताउँछन् । केही पहिलेसम्मका गरिब बगरखेतीले राम्रा किसान बनेका र उनीहरुको मेहनतले नदीउकास क्षेत्र हराभरा देखिँदा जग्गा बाँडिएको कुराले निकै सन्तोष दिने गरेको गौशालाका नगरप्रमुख डा दीपेन्द्र महतोको भनाइ छ ।

बगरखेतीका किसानलाई नगरपालिकाले गरेको सहयोग खेर नगएको हुँदा यस कामले आफूलाई निकै हौस्याएको डा महतो बताउँछन् । 'किसानका साथमा नगरपालिका छ, मेहनत किसानले गर्छन्, साथ हाम्रो रहन्छ', डा महतोले भने । यसैगरी सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले पनि आफ्नो संस्थाबाट बगरखेतीका किसानलाई साथ सहयोग जारी रहने प्रतिबद्धता जनाएका छन् । सबैको सकारात्मक साथले बगरखेतीका किसानको हौसला बढेको छ ।

'हाम्रो मेहनत सफल भएको छ, सबैको साथ रहीरहे हामी बगरमा सुन फलाउँछौं', कुष्माढीकी किसान बिना पासवान भन्छन् । सनीखोलाको बगरखेती अवलोकन गर्न टाढाटाढाबाट किसान समूह त्यहाँ पुग्ने गरेका छन् । यसबाट आफूहरुलाई खेतीमा लाग्न ऊर्जा मिलेको पासवानले बताए । रासस

# गरूडा व्यापार महोत्सव शुरू



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लामा प्रथम गरूडा व्यापार महोत्सव शुरू भएको छ । गरूडा नगर उद्योग वाणिज्य संघको आयोजनामा 'समृद्ध उद्योगको लागि, आर्थिक समृद्धि' भन्ने नाराका साथ बिहीबारदेखि महोत्सव शुरू भएको हो । गरूडास्थित चिनिमिलको प्राङ्गणमा आयोजना गरिएको महोत्सवको समुद्घाटन प्रतिनिधि सभा सदस्य विणा देवी साहले गरेकी हुन् । आर्थिक मन्दीबाट गुज्रिरहेका व्यवसायीहरूलाई सहयोग पुग्ने र अर्थतन्त्र चलायमान बनाउने उदेश्यले व्यापार महोत्सवको आयोजना गरिएको गरूडा नगर उद्योग वाणिज्य संघका सदस्य महाशक्ति निरालाले बताए । महोत्सवमा उपभोक्ताले एकै ठाउँमा व्यापार प्रदर्शनी, कृषि प्रदर्शनी अवलोकन गर्न पाउने छन् ।

कार्यक्रममा प्रमुख अतिथि साहले महोत्सवले व्यापारिक हबको रूपमा परिचित गरूडाको विकासमा सहयोग पुग्ने धारणा व्यक्त गरिन् । क्यूरी मसाला मुख्य प्रायोजक रहेको महोत्सव माघ २३ गतेसम्म आयोजना हुने र दर्जनौं स्टलहरु राखिएको गरूडा नगर उद्योग वाणिज्य संघका अध्यक्ष सतिश साहले जानकारी दिए ।


## Tourism Development Office
### Lahan, Siraha, Madhesh Province

## Invitation for Electronic Bids

**First Date of Publication: B.S. 2081/10/11 (24thFeb, 2025)**

1. Tourism Development Office, Lahan, Sirahainvites electronic bid from Nepalese eligiblebidders for the following worksunder National Competitive Bidding procedures.

| SN | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 3/NCB/WORKS /TDOSIRAHA/ 2081/082 | Rajaji DihbarMarmattathanirmanDinabhadriPokhari ghat nirmanDinabhadri mandir nirman Kabir dharmashalanirmankarya Rupani-2 & 3 Bishnupur-3 & 7 | Nrs. 3,000/- | 1,21,550/- 120 Days | 90 Days |
| 2 | 4/NCB/WORKS /TDOSIRAHA/ 2081/082 | Dalit bastimadurgakali maa Bhagwati adhuro mandir nirmankhatbe tole munilalkhangghardekhihareram mandal ghat sammdhalankaryasamudayikbhawan nirmankarya Bishnupur-1 & Rajbiraj-1 | Nrs. 3,000/- | 1,85,000/- 120 Days | 90 Days |
| 3 | 5/NCB/WORKS /TDOSIRAHA/ 2081/082 | Jhauhrapokharimaabhola baba murti nirmansaundraykaranadhurobholebaba mandir nirmandakneshwari mandir saundrakarankarya Rajgadh-3 & Dakneshwari-1 | Nrs. 3,000/- | 1,20,600/- 120 Days | 90 Days |
| 4 | 6/NCB/WORKS /TDOSIRAHA/ 2081/082 | Laxmi Narayan mandir adhurodharmashalanirmanmushari tole ko pokharisaundryakarantatha ghat nirmanDihbarpokharisaundryakaranra ghat nirman Golbajar-4, 8 & Sukhipur-5 | Nrs. 3,000/- | 1,24,350/- 120 Days | 90 Days |
| 5 | 7/NCB/WORKS /TDOSIRAHA/ 2081/082 | nerhanadima ghatnirmantathasaundryakaran, Kataha pokhari ma chhath ghat nirmankarya Golbajar-13&Lahan -19 | Nrs. 3,000/- | 1,25,000/- 120 Days | 90 Days |
| 6 | 8/NCB/WORKS /TDOSIRAHA/ 2081/082 | Pokhari ghat nirmanaurhi Mahbub pokharinirmanpokhari ghat nirman Naraha Dihbar baba pokharinirmankaryapokhari ghat nirmanpokharisaundryakarantatha ghat nirmankarya Aurahi-4 ,Naraha-2 & Siraha-15 | Nrs. 3,000/- | 1,23,850/- 120 Days | 90 Days |

2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Tourism Development Office, Lahan, Siraha. For detail contact : 9815357417 9851360568

**Office Chief**

सम्पादकीय

# सुशासनका लागि खबरदारी

*हाम्रो देश नेपाल नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधताले भरिपूर्ण रहेको छ। यहाँका नागरिकहरूले राजनीतिक, सामाजिक र आर्थिक समृद्धिको आकांक्षा राखेका छन् । तर, सुशासनको अभावले गर्दा देशमा अपेक्षाकृत प्रगति हासिल गर्न कठिन भएको छ । सुशासन भनेको पारदर्शिता, जवाफदेहिता, समावेशिता र कानूनी शासनको सुनिश्चितता हो । यो नागरिकका आवश्यकता र अधिकारलाई सम्मान गर्दै समाजलाई समृद्धि र शान्तिको दिशामा डोहो–याउने प्रक्रिया हो। नेपालमा सुशासन कायम गर्नका लागि विभिन्न पक्षहरूमा सुधार आवश्यक छ। सरकारी नीति, योजना, र निर्णयहरू नागरिकका लागि खुला र पारदर्शी हुनुपर्छ । साथै, कर्मचारीतन्त्र र नेताहरूले आफ्नो कर्तव्यप्रति उत्तरदायी हुनु आवश्यक छ। जनतालाई आफ्नो अधिकार र कर्तव्यबारे शिक्षित र सचेत बनाउन आवश्यक छ । सुशिक्षित र सचेत नागरिकले भ्रष्टाचारविरुद्ध आवाज उठाउन सक्छन्।*

*सुशासन कायम गराउँनका लागि कानूनी शासनको सुनिश्चितता हुनुपर्छ। सबैलाई समान रूपमा कानूनी सुरक्षा प्रदान गर्नुपर्ने हुन्छ । कानूनी प्रक्रियामा ढिलासुस्ती र पक्षपातले नागरिकको सरकारप्रतिको विश्वास कमजोर पार्छ । हाम्रो देश नेपालमा सुशासनका लागि बाधक भ्रष्टाचार हो। यो सबैभन्दा ठूलो चुनौती हो। यसलाई न्यून गर्न प्रविधिको प्रयोग, कडा कानूनी कार्यवाही र राजनीतिक इच्छाशक्ति आवश्यक छ। समाजका सबै वर्ग, जात, लिङ्ग र भौगोलिक क्षेत्रका नागरिकहरूलाई राज्यका गतिविधिमा सहभागी गराउनुपर्छ । संघीयताले दिएको अवसरलाई सदुपयोग गर्दै स्थानीय सरकारलाई अधिकार, स्रोत र साधनको पहुँच दिनुपर्छ। सुशासनका लागि नागरिक तह तथा सरोकारवालाबाट खबरदारी आवश्यक छ। खबरदारी सुशासनको आधारशिला हो। कुनै पनि राज्य प्रणालीमा शक्ति आर्जन गर्नेहरूको दायित्व र जिम्मेवारीलाई खबरदारीमार्फत मात्रै सुनिश्चित गर्न सकिन्छ।*

*खबरदारी नागरिकहरूको सक्रिय सहभागिताको अभिव्यक्ति हो । यसले राज्यलाई उत्तरदायी बनाउँछ र सरकारी कामकारबाहीमा निगरानी राख्न मद्दत पु¥याउँछ। खबरदारीले भ्रष्टाचारलाई उजागर गर्न र त्यसविरुद्ध अभियान चलाउन सहयोग पु¥याउँछ । सरकारका कमजोरीहरू औंल्याउन खबरदारी गर्न हामी पछाडी हट्नु हुन्न। खबरदारी कार्यले व्यथितीलाई सही दिशामा लैजान सघाउ पु¥याउँनेछ । खबरदारी अभियानका रुपमा समाजमा सरोकारवालाहरुले आफ्नो भूमिकालाई प्रभावकारी बनाउनुपर्छ । यसमा राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमको भूमिका अत्यन्त प्रभावकारी हुनसक्छ । सञ्चार माध्यम र स्वतन्त्र पत्रकारिताले सरकारका निर्णय र काममा निगरानी गर्दै खबरदारीलाई व्यापक बनाउँन सक्छन्।*

*वास्तवमा सुशासन वास्तवमा भनेको कुनै लक्ष्य होइन, यो निरन्तर प्रक्रिया हो । यसका लागि सरकार, नागरिक, सञ्चार माध्यम, र गैरसरकारी संस्थाहरू सबैको सहकार्य आवश्यक छ। नागरिकले आफ्नो अधिकार र जिम्मेवारी बुझी खबरदारी गर्नुपर्छ भने सरकार र कर्मचारीतन्त्रले आफ्नो काममा पारदर्शिता, जवाफदेहिता र इमान्दारिताको पालना गर्नुपर्छ । नेपालमा सुशासन स्थापना गर्न खबरदारीको माध्यमबाट नागरिकले सरकारलाई सही मार्गतर्फ डो¥याउन सक्छन्। सुशासनका लागि खबरदारी एउटा अपरिहार्य साधन हो, जसले समाजलाई समृद्धि र शान्तितर्फ अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्दछ।*

# बाँकेमा तीन सय उद्योग तथा फर्म खारेज

चालु आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म ६ महिनाको समय अवधिमा घरेलु तथा साना उद्योग कार्यालय बाँकेमा तीन सयभन्दा बढी उद्योग तथा फर्म खारेज भएका छन्।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख उद्योग अधिकृत रमेशबहादुर बुढाथोकीका अनुसार चालु आर्थिक वर्षको छ महिनामा उद्योगतर्फ एक सय आठ र वाणिज्यतर्फ दुई सय ३८ उद्योग तथा फर्म खारेज भएका छन्।'चालु आर्थिक वर्षको छ महिनामा उत्पादनमूलक, कृषि तथा वन्यजन्तु, पर्यटनमूलक, सेवामूलकलगायत उद्योगतर्फ एक सय आठ र वाणिज्यतर्फ प्राइभेट र साझेदारी फर्म दुई सय ३८ गरी जम्मा तीन सय ४६ उद्योग तथा फर्महरू खारेज भएका छन्,' प्रमुख बुढाथोकीले भने, 'लगतकट्टा (खारेजी) का साथसाथै नयाँ उद्योग तथा फर्महरू दर्ता पनि हुँदै आएका छन्। तर पछिल्ला केही वर्षदेखि लगातार खारेजी गर्नेको सङ्ख्यामा वृद्धि हुँदै आएको छ ।'प्रमुख उद्योग अधिकृत बुढाथोकीका अनुसार छ महिनाको समय अवधिमा विभिन्न प्रकृतिका तीन सय ६८ नयाँ उद्योग र वाणिज्यतर्फ चार सय १० नयाँ फर्म दर्ता भएका छन्। 'कार्यालयको तथ्याङ्कमा विगत चार÷पाँच वर्षदेखि लगातार नयाँ उद्योग तथा फर्म दर्ता गर्नेको सङ्ख्या घटिरहेको छ भने खारेज गर्नेको सङ्ख्या बढेको छ,'उनले भने, 'आर्थिक मन्दी, बैङ्कको चर्को ब्याज, खुला सिमानालगायत कारण भारतीय बजारसँग प्रतिस्पर्धा गर्न नसकेर उद्योग तथा फर्म बन्द गर्नुपरेको उद्योगी व्यापारीहरूले गुनासो गर्नुहुन्छ।'

युवाहरूले उद्योग सञ्चालन गर्नका लागि ऋणधन गरेर उद्योग स्थापना गरे पनि विविध कारणले गर्दा उद्योग टिकाइराख्न र निरन्तर सञ्चालन गर्न नसकेका कारण खारेज गर्नु परेको उनले भने। प्रमुख बुढाथोकीले भने, 'युवाहरूले केही गर्छु भनेर उद्योग स्थापना गरे पनि उद्योग टिकाइराख्न र निरन्तर सञ्चालन गर्न नसक्दा खारेज गरेर वैदेशिक रोजगारीका लागि विदेश जाने गर्नुहुन्छ।'

कार्यालयका प्रशासन अधिकृत सुशील ढकालका अनुसार चालु आवको छ महिनाको समयमा उद्योगतर्फ ६ सय २७ र वाणिज्यतर्फ एक हजार दुई सय ५६ फर्म नवीकरण भएका छन्। त्यसैगरी, पुँजी वृद्धि, ठाउँसारी, नाम परिवर्तन, नामसारी, ठेगाना परिवर्तनलगायत उद्योगतर्फ तीन सय ४० र वाणिज्यतर्फ चार सय ७७ संशोधन गरिएको छ।

त्यसैगरी, वाणिज्यतर्फ नयाँ फर्म दर्ता हुनेभन्दा खारेज गर्नेकै सङ्ख्या बढिरहेको छ । उद्योग अधिकृत बुढाथोकीका अनुसार गत आर्थिक वर्ष २०८०÷८१ मा प्राइभेट फर्म ६ सय ३४ र साझेदारी फर्म १४ गरी कुल ६ सय४८ नयाँ फर्म दर्ता भएका थिए । आर्थिक वर्ष ०७९÷८० मा प्राइभेट फर्म आठ सय ५८ र साझेदारी फर्म १६ ढाथोकीले जानकारी दिए।

आर्थिक वर्ष ०८०÷८१ मा प्राइभेट फर्म चार सय ५० र साझेदारी फर्म १२ गरी चार सय ६२ फर्म खारेजी भएका थिए भने आर्थिक वर्ष ०७९÷८० मा तीन सय १२ प्राइभेट फर्म खारेजीमा परेका थिए। केही वर्षयता अघिल्लो आवमा भन्दा नयाँ आवमा क्रमशः दर्ता हुने क्रम घट्दै गएको हो भने खारेजी गर्ने क्रम बढ्दै गएको हो । कार्यालयको तथ्याङ्कले विगत चार वर्षदेखि लगातार नयाँ उद्योग तथा फर्म दर्ता गर्ने क्रम घटिरहेको र खारेजी गर्नेको सङ्ख्या बढ्दै गइरहेको देखाएको हो।

नयाँ दर्ता÷स्थापना भएका उद्योगहरूमा एक सय सात महिला र दुई सय ८६ जना पुरुष गरी जम्मा तीन सय ९३ जना उद्यमी छन् भने ६ सय २० जना महिला र आठ सय ८१ पुरुष गरी कुल एक हजार पाँच सय एकजनाले रोजगारी पाए छन्। नयाँ उद्योग दर्ता, नवीकरण, संशोधन लगायतबाट यस चालु आवको पुससम्ममा उद्योगतर्फ रु ४० लाख ४४ हजार र वाणिज्यतर्फ ७६ लाख ६१ हजार पाँच सय ८५ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

कार्यालयको गत आर्थिक वर्ष २०८०÷८१ को तथ्याङ्कअनुसार विगत चार वर्षदेखि लगातार कार्यालयमा उद्योग दर्ता गर्नेको सङ्ख्या घट्दै गइरहेको र खारेजी गर्नेको सङ्ख्या बढ्दै गइरहेको हो। गत आवमा विभिन्न प्रकृतिका सात सय ६० नयाँ उद्योग दर्ता भएका थिए भने दुई सय ३० उद्योग खारेज भएका थिए। आर्थिक वर्ष २०७९÷८० मा आठ सय ७६ उद्योग दर्ता भएका थिए भने एक सय ६० उद्योग खारेजी भएका थिए।

त्यसैगरी, आर्थिक वर्ष २०७८÷७९ मा एक हजार सात सय १२ उद्योग दर्ता भएका थिए सो वर्षमा एक सय ३८ उद्योग खारेज भएका थिए। आर्थिक वर्ष २०७७÷७८ मा दुई हजार तीन सय ४१ उद्योग दर्ता भएकामा ९६ उद्योग खारेज भएका थिए । कार्यालयका अनुसार नयाँ दर्ता गरिएका उद्योगमा ८१ करोड ६५ लाख ७५ हजार रुपैयाँ र वाणिज्यतर्फ ५७ करोड ९५ लाख ३१ हजार रुपैयाँ बराबरको पुँजी लगानी छ। रासस

# चौबिस वर्षदेखि वनपाखामा भेँडाबाख्रासँग रमाउँदै गुरुङ

जनक श्रेष्ठ



लमजुङ दोर्दी गाउँपालिका–५ सिम्रुङका ५२ वर्षीय दुरजङ गुरुङ विगत २४ वर्षदेखि भेडाबाख्रा चराउँदै श्रीमञ्जाङदेखि ओखरी, साल्मे, सिम्रुङ हुँदै लेपेखर्कसम्म पुग्छन्।

फेरि हिउँद लागेपछि लेपेखर्कदेखि सो स्थान हुँदै श्रीमञ्जाङसम्म भेडाको बथानको पछि लाग्दै पुग्छन्। बितेका २४ वर्ष उनलाई २४ दिन जस्तै लाग्छ । भेडाबाख्रालाई आफ्नो सन्तान जत्तिकै माया गर्ने उनलाई भेडाका बथानको पछि लाग्दालाग्दैसमय बितेको पत्तै पाएन । भेडाबाख्रा पछि लागेको उनी आजसम्म तीनै भेडाबाख्राको पछिपछि लागिरहेका छन्।

गोठाला गुरुङ बाबाको मुत्यु, दाइ र ठूलोबाबाहरुले दुःख भयो भनेर गोठ छाडेपछि गुरुङ समुदायको पुख्यौली पेसा धान्न, केही पैसा कमाउन र जीवन धान्ने पेसा बनाउनका लागि विसं २०५७ मा कक्षा १० को टेस्ट फेल भएपछि यही गोठ सम्हाल्दै लागिरहेका छन् । उनलाई सुरुमा आफ्नोसहित २८ जनाको ८०÷९० वटा भेडाबाख्रा रहे पनि अहिले सङ्ख्या बढाउँदै दूधपोखरी गाउँपालिका–६ जोर्नेको २१ घर र सिमुरुङको गरी ४५ घरका सानाठूला गरेर आठ सयभन्दा बढी भेडाबाख्रा रहेका सुनाए । उनलाई तीन जनाले सघाउँदै आएका छन्।

मान्छेबाहेक चारवटा कुकुरले पनि सुरक्षा दिँदै आएको छ। यतिका भेडाबाख्रा हुनुअघि करिब पाँच वर्षअघि सात सयवटा रहेको र एकै चोटि तीन सयवटा भेडाबाख्रा बिक्री गरेको र चार सय सङ्ख्याबाट बढ्दै हाल सो सङ्ख्यामा पुगेको भंडी गोठाला गुरुङले बताए । उनले भने, 'यस भेडीगोठबाट बर्सेनि १५÷१६ लाख बराबरको भेडाबाख्रा बिक्री हुने गरेको छ। भेडा एक वर्षकोलाई १५ हजार, दुई वर्षकोलाई २० हजार तथा तीन वर्षकोलाई ३० हजार, यसरी नै बिक्री हुने गरेको बताइएको छ।

विशेषगरी दसैंतिहार, मङ्सिर, पुस र फागुन महिनामा भेडाबाख्राको माग हुने गरे पनि विगतको वर्षहरुमा जस्तो अचेल बिक्री कम हुन थालेको छ। पहिला भेडाबाख्रा जतातते थिएनन्, अहिले घरघरमै हुन थालेपछि माग घट्न थालेको भेडीगोठाला गुरुङले दुखेसो गरे। गोठका लागि प्रतिदाताहरुले कम्तीमा एक हजारदेखि माथि दिने गर्ने र अन्नपानी पनि दिने गरेको र सोही भरमा आफूहरुले गुजारा चलाउँदै आएको उनले सुनाए । उनले तीनजना गोठालाहरुलाई वार्षिक रु एक÷एक लाख दिने गरेको र आफूले अन्य खर्च गरेर लिने र नरहे नलिने गरेको बताए। भेडी बाख्राले अरूको अन्नबाली खाएमा क्षतिपूर्ति दिने गरेको छ।

चरन क्षेत्र अभाव, खर्क जाने आउने बाटो समस्या, मौसम परिवर्तनले विभिन्न समस्या हुँदा भेडीगोठ धान्न गाह्रो भएको र दुःख अनगिन्ती रहेको उनले बताए । आफूले पालेको भेडाबाख्रा बिक्री गरेर वार्षिक डेढ लाख जति आम्दानी हुने गरेको छ, तर बाघभालुले नोक्सान गर्यो भने त्यही पनि नहुने उनको भनाइ छ। उनले यही गोठाला गरेर सो बिक्रीबाट आएको रकमले श्रीमती, दुईवटा छोरी र एक छोराको जीवन चलाउँदै आएका छन् । उनले भने,'कान्छी छोरीको त विवाह भयो, यतिबेला कान्छी छोरीबाहेक हाम्रो जीवन यसै पैसाबाट दुःखले चलाएको छु, सुखचैनले जीवन चलाउन पाएन । अरू पेसा पनि जानेको छैन, जेजस्तो भए पनि यही पेसा गरिरहेको छु, यसैमा रमाउनुको विकल्प नभएको गोठाला गुरुङले बताए।'

आफ्नो पालासम्म आफूले भेडीगोठ धाने पनि नयाँ पुस्ताले भेडीगोठप्रति बेवास्ता गर्दा भेडीगोठ लोप हुन लाग्यो, चिन्ता लाग्छ, सरकारले नै नयाँ पुस्तालाई प्रोत्साहन गर्दै तालिम दिएर भेडीगोठ जोगाउनुपर्नेमा उनले जोड दिए । उनले भने,'चैत–वैशाखमा बेँसीमा घाँस सकिन्छ, लेकमा घाँस पलाउँदैन, हिउँ परिरहन्छ, घाँसको समस्या छ।' खर्कमा एक भारी दाउरा जोहो गर्न पनि एक दिनभरि लाग्ने गरेको छ। सामुदायिक वनमा चराउनका लागि पनि दैनिक पैसा बुझाउनुपर्छ।

कुनै पनि सामुदायिक वनमा अनुमतिबिना भेडाबाख्रा गएमा क्षतिपूर्ति दिँदै आएको उनको भनाइ छ। लेक खर्कमा भेडीगोठालाई समस्या नै समस्या भइरहेको हुन्छ । फोन लाग्दैन, फोन लाग्ने ठाउँ खोज्नुपर्छ । सामान्य दुःख बिमार हुँदा जङ्गलकै जडीबुटी खाएर बस्छौँ, तर ठूलो बिरामी भएर वा कुनै घटना घट्दा बेँसीसम्म आउन १० दिन लाग्छ उनले भने।

यसैबीच, दोर्दी गाउँपालिका पशुपन्छी शाखाका कर्मचारी प्रवीण रेग्मीले १५ लाख रुपैयाँ बजेट रहेकाले सबै भेडीगोठका भेडाबाख्रालाई आन्तरिक परजीवीका औषधि खुवाउने औषधिमा डुबाउने मात्र गर्दै आएको बताए । भेडीगोठ लोप हुन नदिन र गोठालाहरुका लागि विभिन्न कार्यक्रम गर्दै आए पनि हाल पर्याप्त बजेट नभएकाले सबै समस्याको हल हुन नसके पनि आगामी वर्षहरुमा सम्बोधन गर्दै जाने दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताए। रासस

# आयोजना अलपत्र हुँदा खानेपानी समस्या

सिंगबहादुर थापा

६ वर्षदेखि खानेपानी आयोजना निर्माण अलपत्र पर्दा सर्लाहीको हरिवन नगरपालिका– ५, का स्थानीय खानेपानीको चरम मारमा परेका छन् । स्वच्छ खानेपानी पाउने आसमा निर्माणाधीन आयोजना हेरेर बसेको लामो समय भइसक्दा पनि पानी खान नपाएको सिद्धार्थ टोलनिवासी ३५ वर्षीया सरिता लामाले गुनासो पोखिन्। खानेपानीको काममा ढिलासुस्ती हुँदा निकै दुःख पाएको उनको भनाइ छ।

लामाको आँगनमा गाडेको ट्यूबेलबाट आर्सेनिकयुक्त पनि आउने गरेको थियो । आर्सेनिक पानीले गाउँमा क्यान्सरको संक्रमण फैलिएको हल्लापछि उनले पनि ट्यूबेलको पानी प्रयोग बन्द गरिन् । तर, त्यसको विकल्पमा विपन्न परिवारले जारको पानी किनेर खाने अवस्था नरहेको उनी बताउँछिन्। 'बिहान पानी आउने समयमा कहिले बालबालिका स्कुल पठाउने चटारो हुन्छ,' लामाले भनिन्, 'पानी आएर गइसकेको हुन्छ। थाप्न पनि भ्याइँदैन । साँझमा पनि बिजुली भएको समय दुई घण्टा आउँछ। खाना पकाउने पानीसम्म पनि कि त किन्नुपऱ्यो कि त माग्नुपर्छ।'

लामाजस्तै हरिवन नगरपालिका– ५, निवासी प्रेमशिलाकुमारी साहको समस्या पनि फरक छैन । घरमा एक्लै रहेकी उनी कयैनपटक पानी थाप्न नपाउँदा खानेपानीसमेत किनेर खानुपरेको बताउँछिन् । अझ पानीको समस्याले धैरै महिलालाई पिरोल्ने गरेको उनको अनुभव छ। पानीको समस्याले परिवारमा कलह हुने तथा महिला घरेलु हिंसासमेतमा परेको उनको भनाइ थियो । खेतबाट फर्कँदा पानी थाप्छ ढिला भएकाले छिमेकमा झैझगडासमेत हुने गरेको उनी सुनाउँछिन् । हुनेखानेहरू जारको पानी किनेर खाने गर्छन्, विपन्न परिवार अलपत्र आयोजनाको चपेटामा रहेका उनको भनाइ छ। पानीको समस्याले पालेको पशु वस्तुसमेत बेच्नुपरेको साहले गुनासो गरिन्।

०७५ सालबाट निर्माण सुरु भएको आयोजनामा चरम ढिलासुस्ती भएपछि उपभोक्ता समितिले सीधै डिप बोरिङबाट पानी वितरण सुरु गरेको छ। यसले एकातर्फ स्थानीयलाई पानी कुरेर बस्नुपर्ने बाध्यता छ । अर्कोतर्फ समितिको विद्युत् लगानीलगायतको खर्च आम्दानीभन्दा धैरै हुने गरेको सिद्धार्थ टोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अध्यक्ष मनोज लामाले गुनासो गरे। उनले भने, 'सरासर काम गर्दा सात महिनामा सकिने काम ६ वर्षदेखि अलपत्र पारेर राख्दा आयोजनाको लागतसमेत बढिरहेको छ।'

नगर जिल्ला खानेपानी, प्रदेश तथा संघीय सरकारसम्म पुग्दा पनि आश्वासनबाहेक केही नपाएको उक्त वडाका वडाध्यक्ष नागेन्द्र साह बताउँछन् । पानी खुवाउन भनेर पाइप लाइन र धारासमेत वितरण भइसक्दा पनि ओभरहेड ट्यांकी निर्माण नसकिएको उनको भनाइ छ। काम अलपत्र हुँदा वडाका नौ हजार तीन सय घरधुरीले स्वच्छ खानेपानीको सुविधाबाट वञ्चित हुनुपरेको छ।

यस वडामा झन्डै डेढ दशकदेखि मानिसमा क्यान्सरजन्य घातक रोगको संक्रमण देखिएको छ। क्यान्सरको संक्रमणबाट आक्रान्त स्थानीयले पानीको समस्या आकलन गर्दै ट्यूबेलको पानी प्रयोग बन्द गरेका छन्। त्यसयता यस वडामा मात्र एक दर्जनभन्दा बढी गाउँका स्थानीयले पिउने पानीको संकट झेलिरहेका छन् । यस क्षेत्रका ट्यूबेलको पानी परीक्षणमा अत्यधिक मात्रामा आर्सेनिक फेला परेको थियो।

अत्यधिक आर्सेनिकयुक्त पानी फेला परेको र स्थानीयमा क्यान्सरको महामारी रहेको विभिन्न सञ्चारमाध्यममा खबर फैलिएपछि संघीय सरकारअन्तर्गत खानेपानी मन्त्रालयले पानी परीक्षण गराएको थियो । त्यसबाट यस क्षेत्रका ट्यूबेलको पानी पिउन अयोग्य रहेको भन्दै प्रदेश सरकारले उक्त खानेपानी तथा सरसफाइ आयोजना सुरु गरेको थियो। आयोजनअन्तर्गत ओभरहेड ट्यांकी निर्माण कार्य नै अलपत्र बनेपछि स्थानीयको खानेपानीको समस्या ज्युँकात्युँ बनेको हरिवन नगरपालिका प्रमुख रमेश बुढाथोकीले बताए। प्रदेशबाट सुरु भएको योजना भएकाले नगरले लगानी गर्न पनि नसकेको र ताकेता गर्दा पनि अटेर गरेको उनको दाबी छ।

यता डिभिजन खानेपानी तथा सरसफाइ कार्यालय मलंगवाका निमित्त प्रमुख रामनाथ साहले प्राप्त बजेट अभावमा समयमै कार्य सम्पन्न हुन नसकेको बताए। 'यो संघीय सरकारको योजना हो,' उनले भने, 'बर्सेनि थोरैथोरै मात्र बजेट आउँदा काम ढिलाइ भएको हो ।' यस वर्ष प्रदेश सरकारबाट ४० लाख रुपैयाँ विनियोजन भएकाले काम सम्पन्न हुने उनले विशवास व्यक्त गरे। दुई लाख २५ हजार घनमिटर क्षमताको ट्यांकी निर्माणका लागि संघ सरकारले गत वर्षसम्म ८० लाख रुपैयाँ खर्च गरिसकेको बताइएको छ।

यस वर्ष संघ सरकारबाट थप बजेट नआएपछि प्रदेशबाट ४० लाख रुपैयाँ हालेर काम सम्पन्न गर्ने योजना बनाएको उनको भनाइ थियो। एक वर्षमा निर्माण सम्पन्न गर्ने गरी ०७७ साउन २० गते कमलेश निर्माण सेवा लक्ष्मीपुर– ५, सर्लाहीले ओभरहेड निर्माणको ठेक्का सकारेको थियो । निर्माण कम्पनीले कुल ७४ लाख ९९ हजार ३४२ रुपैयाँ २७ पैसामा ठेक्का लिएको डिभिजन खानेपानी कार्यालयले जनाएको छ। रासस

# ‘जलवायुमैत्री कृषि प्रणाली आवश्यक’



**काठमाडौँ ।**
कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले जलवायु परिवर्तनको असरका कारण खाद्यसुरक्षामा चुनौती देखिएको र भोकमरी अन्त्यको लक्ष्य कार्यान्वयनमा चुनौती देखिएको बताएका छन् ।
ग्रामीण पुनःनिर्माण नेपाल (आरआरएन) ले विहीबार काठमाडौँमा आयोजना गरेको नेपालमा खाद्य र खाद्य सम्प्रभूतासम्बन्धी राष्ट्रिय बहसमा मन्त्री अधिकारीले समावेशी, उत्थानशील र जलवायुमैत्री खाद्य प्रणाली विकासका लागि सहकार्य आवश्यक रहेकामा जोड दिएका हुन् । जलवायुजन्य बढ्दो सङ्कटका कारण कृषि क्षेत्रमा सबैभन्दा बढी प्रभाव पर्नसक्ने उल्लेख गर्दै उनले बढ्दो समस्यासँग जुध्ने उपायको खोजी गर्नुपर्ने र जलवायुमैत्री कृषि प्रणाली अपनाउन आवश्यक रहेको बताए । ‘जलवायु परिवर्तनका कारण खाद्य उत्पादनमा ह्रास आउन थालेको छ । खाद्य सुरक्षा र पोषणको समाना गर्नुपरेको छ’, मन्त्री अधिकारीले भने, ‘खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी कानुन कार्यान्वयनको अवस्थाबारे चालु आर्थिक वर्षमा अनुसन्धान सम्पन्न गर्नेछौँ । समस्या समाधानमा आवश्यक पहल पनि गर्नेछौँ ।’
उनले लक्षित घरधुरी पहिचान गरेर खाद्य सहायता परिचयपत्र उपलब्ध गराउने र राष्ट्रिय खाद्य परिषद्को गठन छिट्टै गर्ने तथा कृषिमा लगानीको दशक सफल बनाउने प्रयास भएको बताए । मन्त्री अधिकारीले खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि समन्वय आवश्यक रहेको बताए ।
प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिकी सभापति कुसुमदेवी थापाले खाद्य प्रणाली समानतामा आधारित र दिगो बनाउन आवश्यक रहेको बताए । ‘सन् २०३५ सम्ममा मुलुकलाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउने लक्ष्य छ, लक्ष्यप्राप्तिका लागि समन्वय र कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ’, उनले भने । नेपालको कृषि प्रणाली व्यवसायमुखी हुन नसकेको उल्लेख गरे । उनले अहिले पनि सबै क्षेत्रमा सिँचाइको सुविधा पुग्न नसकेको बताउँदै खाद्य उत्पादन बढाउन नीतिको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताए ।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा.हरिबहादुर केसीले मुलुकको दुई तिहाइ जनसङ्ख्या कृषिमा आधारित भए पनि उनीहरुलाई प्रोत्साहन गर्न नसकिएको बताए । ‘भोकमरी अन्त्यको लक्ष्यमा हामीले राम्रो प्रगति गरेको छौँ, खाद्यको उपलब्धता, वितरण तथा गुणस्तरका कायम गर्ने लक्ष्य कार्यान्वयनमा पनि प्रगति भएको छ’, उनले भने, ‘यस वर्षलाई कृषि लगानी वर्ष पनि घोषणा गरेका छौँ । कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउनुपर्ने आवश्यक छ ।’
सहसचिव केसीले खान पाउनेभन्दा पनि गुणस्तरीय खानाको उपलब्धता महत्वपूर्ण भएको बताए । उनले कृषिमा रासायनिक मलको प्रयोग बढ्दा खाद्य प्रणालीमा असर परिरहेको समेत उल्लेख गरे । उनका अनुसार धान र मकैको आयात घटे पनि फलफूल आयात भने बढिरहेको छ ।
खाद्य अधिकारकर्मी अशोक सिंहले मौलिक हकमा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूतासम्बन्धी व्यवस्था गरे पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको टिप्पणी गरे । उनले यसका लागि रणनीतिक योजना बनाउन र त्यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसँग सहकार्य जरुरी छ भने ।
राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले सर्वसाधारण खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी सचेत गराउन आवश्यक रहेको बताए । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कार्यकारी निर्देशक डा.दोजराज खनालले नार्कले खाद्य उत्पादन वृद्धिका लागि सहयोग गरिरहेको बताए ।
‘हामीले पनि रैथाने बालीको प्रवद्र्धन तथा जलवायुमैत्री कृषि प्रविधि अपनाउनका लागि काम गरिरहेका छौँ’, उनले भने, ‘कृषिजन्य उत्पादन राम्रो भए खाद्य सुरक्षामा देखिएको समस्या समाधान हुनेछ ।’
समाज कल्याण परिषद्का सदस्य सचिव मनोज भट्टले नेपालमा कृषि क्षेत्रमा गहन अध्ययन हुन नसकिरहेको उल्लेख गर्दै खाद्य सुरक्षामा देखिनसक्ने समस्या समाधानका लागि आवश्यक उपायका विषयमा वैज्ञानिक अध्ययन गर्न जरुरी रहेको बताए ।
संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का नेपाल र भुटानका प्रतिनिधि केन सिमिजुले जलवायु परिवर्तनले कृषि क्षेत्रमा असर परिरहेको छ भन्दै जलवायुमैत्री कृषि प्रणाली विकासमा जोड दिए ।
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का महानिर्देशक डा पेमा ग्याम्त्सोले जलवायुजन्य सङ्कट बढेसँगै खाद्य सुरक्षामा सङ्कट निम्त्याएको बताए । उनले कृषि क्षेत्रमा जलवायु अनुकूलनका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै खाद्य सुरक्षासँगै खाद्य गुणस्तरमा ध्यान दिन आवश्यक रहेको उल्लेख गरे ।
नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले संविधानले मौलिक हकका रुपमा स्वीकार गरेको खाद्य अधिकार तथा सुरक्षाको विषयवस्तुबारे
सर्वसाधारणमा जनचेतना जगाउन सकेमा नीति कार्यान्वयनमा सहज हुने बताए । खाद्य अधिकारका साथै खाद्य गुणस्तरका विषयमा व्यापक जनचेतना वृद्धिका लागि सञ्चारमाध्यमको भूमिका रहेको उनको भनाइ थियो ।
छलफल कार्यक्रमको पहिलो सत्रको मध्यस्थता डा.अर्जुन कार्कीले गरेका थिए ।रासस

# ‘लोक संस्कृतिको प्रवर्द्धनले देश विकासमा टेवा पुग्छ’



**धादिङ ।**
उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले लोक संस्कृतिको प्रवद्र्धनले समग्र देश विकासमा टेवा पुग्ने बताएका छन् । आफ्नो संस्कार र संस्कृतिले देशको पहिचान उचो राख्दै देशको समग्र विकासमा टेवा पुग्ने उनले उल्लेख गरे ।
धादिङ लोक सांस्कृतिक महोत्सव उद्घाटन गर्दै उपप्रधानमन्त्री सिंहले देशको आर्थिक विकास, सामाजिक एकता र पर्यटन प्रवद्र्धनका लागि लोक सांस्कृतिक पक्षको प्रचार महत्वपूर्ण रहेको बताए । लोक सांस्कृतिक महोत्सवले देशको पहिचान उचो बनाउँदै आर्थिक विकास, सामाजिक एकता र पर्यटन प्रवद्र्धनसँगै देशको समग्र विकासमा योगदान दिने उनको भनाइ थियो ।
‘नेपाली लोक संस्कृति र संस्कारप्रति स्वदेशीभन्दा विदेशी बढी आकर्षित हुन्छन् । यस्ता मेला महोत्सव विदेशी र स्वदेशी पर्यटकलाई आकर्षित गर्ने माध्यम बन्न सक्छन । यसले पर्यटन उद्योगलाई उकास्न मद्दत गर्दछ’, उपप्रधानमन्त्री सिंहले भने, ‘महोत्सवको आयोजना गर्दा स्थानीय उत्पादनको बिक्री, होटेल व्यवसाय, हस्तकला तथा यातायात सेवामा आर्थिक गतिविधि बढ्छ र यसले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ ।’
देशको मौलिक परम्परा, वेषभूषा, सङ्गीत, नृत्य, र कला प्रदर्शन गरेर सांस्कृतिक पहिचानलाई जोगाउन आवश्यक रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले यस्ता मेला महोत्सवबाट युवा पुस्तालाई आफ्नै संस्कृतिप्रति गर्व गर्न प्रेरणा दिनेमा विश्वास व्यक्त गरे ।
धादिङको रैथाने मौलिक लोक संस्कृतिको प्रवद्र्धन, सांस्कृतिक पहिचानको प्रवद्र्धन र परम्पराको जगेर्ना गर्ने उद्देश्यले राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धादिङ र सामुदायिक सञ्चार तथा विकास केन्द्र धादिङले महोत्सव आयोजना गरेको हो । आजदेखि सुरु भएको लोक सांस्कृतिक महोत्सव यही माघ २० गतेसम्म चल्नेछ ।
महोत्सवबाट जुट्ने आर्थिक स्रोतबाट जिल्लाका सम्पूर्ण कलाकारलाई अप्ठ्यारो परेको बेला आवश्यक सहयोग गर्न राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धादिङमार्फत परिचालन हुने गरी कलाकार कल्याणकारी कोष स्थापना गर्ने लक्ष्य राखिएको महोत्सव मूल आयोजक समितिका संयोजक दीपक कोइरालाले बताए । महोत्सवको प्रमुख आकर्षण अन्तरपालिका लोक दोहोरी प्रतियोगिता हुनेछ । मौलिक र जातिय पहिचान झल्काउने खानालाई प्राथमिकतामा राखिएको छ ।रासस

## सुदूरपश्चिम प्रदेशसभाः

# प्रज्ञा प्रतिष्ठानसम्बन्धी विधेयक पारित

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशसभाको विहीबारको बैठकमा ‘सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक’ सर्वसम्मतिले पारित भएको छ । प्रदेशका समाजिक विकासमन्त्री मेघराज खड्काले बैठकमा उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए ।
यसअघि विधेयकमाथि भएको छलफलमा प्रदेशसभाका सांसद पदमबहादुर शाही, चक्रबहादुर मल्ल, लक्ष्मी विक, खुशीराम डगौरा थारु, ताराप्रसाद जोशी र नरेशकुमार शाही छलफलमा सहभागी भएका थिए । समाजिक विकासमन्त्री खड्काले छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिएका थिए ।
संशोधन गरिएको विधेयकमा प्रतिष्ठानको प्राज्ञसभाको सङ्ख्या साविकको भन्दा थप गरिएको छ । यसैगरी प्रतिष्ठानको कुलपति मुख्यमन्त्री र सहकुलपति सामाजिक विकासमन्त्री रहने साविकको व्यवस्थालाई प्रतिस्थापन गर्दै प्राज्ञ व्यक्तिलाई कुलपति र उपकुलपति नियुक्त गनुपर्ने व्यवस्था गरिएको छ ।
मुख्यमन्त्रीलाई प्रदेश प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक र सामाजिक विकासमन्त्रीलाई संरक्षक रहने व्यवस्था संशोधित विधेयकमा गरिएको छ ।
प्रदेशसभाअन्तर्गत सार्वजनिक लेखा समितिका ज्येष्ठ सदस्य विक्रमसिंह धामीले ‘सार्वजनिक लेखा समितिको दोस्रो प्रतिवेदन २०८१ लाई स्वीकृत गरियोस्’ भनी पेस गरेको प्रस्तावलाई विहीबारको बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ । रासस

# नारीवादसम्बन्धी कला प्रदर्शनी माघ १२ गतेदेखि




**काठमाडौँ ।**
दक्षिण एसियाली महिला कलाकारको नारीवादसम्बन्धी बृहत् कला प्रदर्शनी आयोजना हुने भएको छ । यही माघ १२ गतेदेखि काठमाडौँमा शुरु हुने प्रदर्शनीमा दक्षिण एसियाका १० जना महिला कलाकारले आफ्ना सृजना प्रदर्शन गर्नेछन् ।
बिहीबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा ‘फेमिनिस्ट फ्युचरः आर्ट, एक्टिभिजम एण्ड साउथ एसियन वुमनहुड’ शीर्षकको प्रदर्शनीले दक्षिण एसियामा नारीवाद, कला र सक्रियताका जटिल पक्ष उजागर गर्ने जानकारी दिइयो ।
डा. अर्शिया लोखन्डवालाको परिकल्पनामा आयोजना हुन लागेको प्रदर्शनीले पितृसत्तात्मक संरचना, परम्परागत सोच र लैंगिक राजनीतिजस्ता विषय सम्बोधन गर्ने जनाइएको छ । तारागाउँ नेक्स्टको आयोजना र सराफ फाउन्डेसनको सहकार्यमा काठमाडौँको बौद्धस्थित तारागाउँ सांस्कृतिक केन्द्रमा हुने प्रदर्शनी सर्वसाधारणले तीन महिनासम्म अवलोकन गर्न सक्नेछन् ।
प्रदर्शनीमा भारतका चार, नेपालका तीन र श्रीलंका, पाकिस्तान र बंगलादेशका एक÷एक महिला कलाकारका सृजना रहनेछन् ।
आयोजकका अनुसार भारतीय कलाकारहरू अनिता दुबे, मिथु सेन, शेबा छाच्छी र पुष्पमाला, नेपाली कलाकार अश्मिना रञ्जित, विधाता केसी र उमा विष्टसँगै श्रीलंकाकी अनोली पेरेरा,पाकिस्तानकी नाइजा खान र बंगलादेशकी तायबा बेगम लिपिका सृजना प्रदर्शनीमा रहनेछन् ।
सबै कलाकारले कलामार्फत पारम्परिक लैंगिक भूमिकालाई चुनौती दिँदै महिलाको स्वायत्तता र सामाजिक संरचनाहरूको प्रभाव उजागर गर्ने प्रयास गर्नेछन् ।
नेपालको महिला अधिकारसँग सम्बन्धित मुद्दालाई दक्षिण एसियाली देशका महिला अधिकारका विषयसँग सम्बन्धित संघर्षसँग जोड्ने प्रयासस्वरूप प्रदर्शनी आयोजना गरिएको सराफ फाउन्डेसन तथा तारागाउँ नेक्स्टकी संस्थापक निर्देशक नमिता साराफको भनाइ छ । प्रदर्शनीमा विभिन्न समकालीन मुद्दाहरूलाई अन्वेषण गर्ने सृजनासमेत समावेश छन् । पुष्पमाला एनको ‘अभेगा– द प्यासन (२०१२)’ ले रामायणका महिलाका पात्रहरूको पारम्परिक चित्रणलाई चुनौती दिँदै उनीहरूको सशक्त पक्षबारे उजागर गर्नेछ ।रासस

# निजी क्षेत्रसँगको सहकार्यविना समृद्धि प्राप्त हुँदैनः मुख्यमन्त्री पाण्डे



**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले निजी क्षेत्रसँगको सहकार्यविना समृद्धि प्राप्त नहुने बताएका छन् ।
पोखरा उद्योग वाणिज्य संघद्वारा आयोजित ३३ औँ संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला एवं आइटी महोत्सव, २०८१ को विहीबार पोखरामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले सरकार र निजी क्षेत्रबीचको सहकार्यबाट मात्रै समृद्धि हासिल गर्न सकिने बताए । निजी क्षेत्रसँगको सहकार्यमा सरकारले जोड दिएको उल्लेख गर्दै उनले त्यसको वातावरण निर्माणमा लाग्ने प्रतिबद्धता व्यक्त गरे । संघीय सरकारले अध्यादेशमार्फत निजी क्षेत्रलाई सहज हुने गरी वातावरण निर्माण गरेको भन्दै मुख्यमन्त्री पाण्डेले त्यसले सिथिल अर्थतन्त्र उकासिने धारणा राखे ।
संघले सातवटै प्रदेशको उत्पादन, कला–संस्कृति एवं खानाको प्रदर्शनको सुरुआत गरेकामा उनले खुसी व्यक्त गरे । गण्डकी प्रदेशमा दुईवटा क्षेत्रमा औद्योगिक क्षेत्र खोल्ने भनिए पनि जग्गा प्राप्ति समयमै नहुँदा काम रोकिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले अब यसको काम अगाडि बढेको जानकारी गराए ।
हालै कोरला नाका सुचारु भएको र त्यहाँ अध्यागमन कार्यालय सुरुआत भएको उल्लेख गर्दै उनले त्यसलाई पूर्णरुपले सञ्चालन गरेर पोखराबाट कोरोला नाकासम्म जोड्ने बाटो र पोखराबाट त्रिवेणी जोड्ने बाटो भरपर्दो बनाएर सञ्चालन गर्न सकिए गण्डकी प्रदेशलाई व्यापार व्यवासायमा फाइदा पुग्ने बताए ।
कोरला नाकालाई व्यवस्थित रुपमा सञ्चालन गरिएमा त्यसले तिब्बतसँगको व्यापार यतैबाट हुने उनको भनाइ थियो । गण्डकी प्रदेशमा उत्पादनको आधारमा मात्र अनुदान दिने नीति अगाडि बढाइएको भन्दै उनले उत्पादन प्रक्रिया सुरु भएपछि मात्र अनुदान दिन थाल्ने जानकारी दिए ।
गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि प्रदेश सरकार क्रियाशील रहेको बताए । गण्डकी सरकारले उद्योग र पर्यटनको विकासलाई विशेष जोड दिएको जिकिर गर्दै उनले उद्योगमार्फत हुने उत्पादनले मात्र देश समृद्ध बन्ने कुरामा आफू प्रष्ट रहेको धारणा राखे ।
पोखरा महानगरपालिकाका नगरप्रमुख धनराज आचार्यले सूचना प्रविधिले संसारलाई साँघुरो बनाएको अवस्थामा मेला र महोत्सवले व्यवसाय प्रवद्र्धन गर्नुपर्ने तथा नयाँ सूचना पस्कने ठाउँ बन्नुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा लगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उतदन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनलाई प्रवद्र्धन तथा बजारीकरणमा सघाउ पु¥याउने लगायतका उद्देश्यका साथ महोत्सव आयोजना गरिएको जानकारी दिए ।
गण्डकी प्रदेश सरकारले अगाडि सारेको दोस्रो पञ्चवर्षीय योजनामार्फत ‘आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी’ को लक्ष्य प्राप्तिमा समर्पित रहेको उनको भनाइ थियो ।
कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृतकुमार भट्टचन, नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य अमरेश वैदार,संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, महासचिव शोभा गौतम, जीतपुर सिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहनकुमार शर्मालगायतले आ–आफ्नो धारणा राखेका थिए ।
कार्यक्रममा मधेश प्रदेशको तर्फबाट त्यहाँको सांस्कृतिक टोलीले मिथिला र थारु संस्कृति झल्किने नृत्य प्रस्तुत गरेका थिए । महोत्सव यही माघ १७ गतेसम्म चल्ने आयोजकले जनाएको छ ।रासस

# ‘वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा एकरुपता हुनुपर्छ’

**काठमाडौँ ।**
सरोकारवालाले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा एकरुपता हुनुपर्ने बताएका छन् । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा नेपाल मेडिकल व्यवसायी सङ्घका पदाधिकारीहरूसँग भएको छलफलमा उहाँहरुले स्वास्थ्य परीक्षणमा एकरुपता भएमा मात्र गुणस्तरीय स्वास्थ्य परीक्षण हुने बताएका हुन् ।

सङ्घका अध्यक्ष तारानाथ अर्यालले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण प्रणालीमा भएको ‘सिन्डिकेट’ अन्त्य गरी गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धमा सङ्घको ध्यानाकर्षण रहेको बताए । उनले भने, ‘वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने सम्पूर्ण स्वास्थ्य संस्थामा एकरुपता कायम हुने स्वास्थ्य परीक्षण प्रतिवेदन तयार पार्नुपर्छ । सबै देशको स्वास्थ्य परीक्षण शुल्क वैज्ञानिक ढङ्गले निर्धारण गरि एकरुपता कायम गर्नुपर्छ ।’

अध्यक्ष अर्यालका अनुसार वैदेशिक रोजगारीमा जाने कामदारहरुको स्वास्थ्य परीक्षण गर्ने एक सय ९४ संस्था सूचीकृत भएका छन् । यीमध्ये ३६ वटा मलेसियामा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने र १८ वटा संस्थाले मध्यपूर्व साउदीलगायत तीन देशमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्दछन् । सूचीकृत नभएका स्वास्थ्य संस्थाबाट पनि स्वास्थ्य परीक्षण गर्ने गरिएको पाइएकाले यसमा सङ्घको आपत्ति रहेको उनले बताए ।

सङ्घका महासचिव कृष्णप्रसाद बजगाईंले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत सूचीकृत तथा नवीकरण भई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाबाट वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गरिरहेको स्वास्थ्य परीक्षण प्रणालीमा भएको सिन्डकेट तत्काल अन्त्य गर्नुपर्ने तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने बताए ।

उनले भने, ‘तमाम श्रमजीवी वर्गलाई मारमा पर्नेगरी सिन्डिकेट लगाइएका विषयप्रति हाम्रो चासो हो । मन्त्रालय र सम्बन्धित मातहतका निकायलाई हामीले घच्घच्याइरहेका छौँ । तर यो विषयवस्तुबारे कुनै सुनुवाइ नभएको र सिन्डिकेट जस्तो विषयलाई प्रोत्साहन गरेको देखिन्छ ।’

सांसद रमा कोइराला पौड्यालले वैदेशिक रोजगारीमा जानेको स्वास्थ्य परीक्षणले विश्वव्यापी मान्यता पाउनुपर्ने बताउँदै भने,‘यहाँ गरेको परीक्षणले विश्वव्यापी मान्यता पाउनुपर्छ । यहाँबाट स्वास्थ्य परीक्षण गरेर गइसकेको श्रमिक मलेसियामा पुगेपछि कसरी स्वास्थ्य परीक्षण ठीक छैन भनेर पठाइन्छ ?

लाखौँ पैसा खर्च गरेर गएका श्रमिक रित्तो हात फर्किन्छन् । हजारौँ रुपैयाँ लिएर स्वास्थ्य परीक्षण गर्ने तर विदेश पुग्दा ती श्रमिकहरुलाई किन अस्वस्थ्य भनेर पठाइन्छ ? एकातर्फ फ्रि टिकट फ्रि भिसा भनिएको छ ।

कसले क्षतिपूर्ति दिन्छ ?’ उनले यो घटनाले सबैभन्दा बढी गरिब श्रमिक मारमा परेको बताए ।

त्यसैगरी सांसद राजु थापाले राज्यको जुनसुकै क्षेत्रमा देखिएको सिन्डिकेट अन्त्य हुनुपर्ने धारणा राखे ।

**‘सिमेन्टको मूल्य वृद्धिले घर निर्माणमा आर्थिक भार थपिएको छ’**

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा नेपाल निर्माण व्यवसायी महासङ्घका पदाधिकारीसँग भएको छलफलमा सङ्घका अध्यक्ष रवि सिंहले सिमेन्टको मूल्यवृद्धिले गर्दा घर निर्माणमा आर्थिक भार थपिएको बताए । उनले सिमेन्ट उद्योगमा भएको कालाबजारीले सर्वसाधारण मारमा परेको बताए ।

उनले भने,‘सिमेन्टको मूल्यवृद्धिले घर निर्माणमा आर्थिक भार थपिएको छ । उद्योगमा छ सय ८० देखि रुपैयाँ आठ सय रुपैयाँसम्म सिमेन्टको मूल्य छ ।’

उनले भने,‘सिमेन्ट उद्योगमा भएको कालाबजारीको कुरा व्यापक रुपमा उठिरहेको छ । बजारमा सिमेन्टको मूल्य अत्यधिक रुपमा बढिरहेको छ तर राज्य मौन छ ।’

सांसद कृष्णकुमार श्रेष्ठले नेपाल सिमेन्टमा आत्मनिर्भर भनिरहँदा नेपालमै उत्पादित नेपालकै कच्चा पदार्थ प्रयोग गरी बनाइएका सिमेन्ट प्रयोग गराउन चाहेको बताए ।

# नेप्से परिसूचक ११ दशमलव १० अंकले घट्यो

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक शुक्रबार ११ दशमलव १० अङ्कले घटेर दुई हजार छ सय ५४ दशमलव ३५ मा कायम भएको छ ।

विहीबार तीन सय १८ कम्पनीको एक करोड ५१ लाख चार हजार ३३ कित्ता शेयर ८४ हजार सात पटक खरिदबिक्री हुँदा सात अर्ब ८५ करोड ७७ लाख ९२ हजार तीन सय २६ को कारोबार भएको हो ।

विहीबार ८६ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ४९ को घटेको छभने आठ वटा कम्पनीको शेयर मूल्य स्थिर छ । सामुदायिक लघुवित्त वित्तीय संस्था, कर्पोरेट डेभलपमेन्ट बैंक र सिक्लेस हाइड्रोपावरको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै सुपर मादी हाइड्रोपावर र मन्दाकिनी हाइड्रोपावरको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सप्तकोशी विकास बैंकको ३० करोड ८९ लाख २९ हजार ६५ बराबरको शेयर किनबेच भएको छ भने कारोबार भएका शेयर सङ्ख्याका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रोमोटरको पाँच लाख सात हजार तीन सय ११ कित्ता शेयर खरिदबिक्री भएको छ । रासस

# ‘सरकार अर्थतन्त्रका समस्या चिन्दै चिर्दै अघि बढ्ने कोसिसमा छ’

**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले वर्तमान सरकार अर्थतन्त्रमा देखिएका समस्या चिन्दै चिर्दै अघि बढ्ने कोसिस गरिरहेको बताएका छन् ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६० औँ वार्षिकोत्सवलाई विहीबार सम्बोधन गर्दै उनले दबाबमा रहेको अर्थतन्त्रलाई सुदृढ बनाउन केही सफलता हासिल भएको र थप उपलब्धिका लागि सरकार प्रयत्नशील रहेको बताए ।

उपप्रधानमन्त्री पौडेलले समग्र अर्थतन्त्रलाई चलायमान बनाउँदै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जनाबाट सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नेतर्फ सरकार अघि बढिरहेको स्पष्ट पारे । ‘वर्तमान सरकार औसत काम गरेर दिन बिताउने पक्षमा छैन, समस्याका चाङ पन्छाएर छोटो अवधिमै दूरगामी महत्वका उपलब्धि आर्जन गर्न चाहन्छ’, उपप्रधानमन्त्री पौडेलले भने, ‘निराशालाई आशामा बदल्न सरकारले नीतिगत तथा कानुनी सुधार गरिरहेको छ ।’

सरकारको तीव्र आर्थिक विकासको योजनालाई साकार बनाउन राष्ट्रिय वाणिज्य बैंकको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले तरलतालाई उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृष्टिमा परिचालित गर्न निर्देशन दिए । सरकार परिणाममुखी कामका लागि तीव्र गतिमा काम गर्न चाहन्छ भन्ने यसअघिका कामकारबाही र निर्णयबाट पुष्टि भइसकेको जनाउँदै उनले गुणस्तरीय सेवा प्रवाह र सुशासन, विदेशी लगानीलाई प्रोत्साहन गर्न अध्यादेशमार्फत ३२ कानून संशोधन गरिएको स्पष्ट पारे ।

कडा मेहनत र परिश्रमबाट असाधारण उपलब्धि हासिल गर्ने दिशामा खट्न निर्देशन दिँदै उपप्रधानमन्त्री पौडेलले बैंकको प्रगति र प्रतिष्ठा व्यवस्थापन र कर्मचारीको पहिलो प्राथमिकता हुनुपर्ने बताए ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले केही बैंक र वित्तीय संस्था समस्याग्रस्त छन् भनेर फैलाइएको हल्लामा कुनै सत्यता नभएको बताए । समस्याग्रस्त संस्थाको व्यवस्थापन नियामकको हिसाबले राष्ट्र बैंकले गर्ने जनाउँदै उनले भने,‘बाह्य हल्लाका पछाडि लाग्नुहुँदैन, उतारचढाव आउन सक्छन्, त्यो स्वभाविक हो, नियामकले नजिकबाट हेरिरहेको छ, कुनै पनि निक्षेपकर्तालाई डुब्न दिइँदैन ।’

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन सोच र सङ्कल्पका साथ रावा बैंक आजको प्रतिस्पर्धी बजारमा आफूलाई अब्बल साबित गर्न सफल भएको बताए । उनले खराब कर्जाको व्यवस्थापन, मानव संशाधन, ग्राहक सेवा, कर्जाको गुणस्तर, संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, नियामकीय निर्देशनको पालनालगायत क्षेत्रमा बैंकले सुधार गर्दै लगिरहेको बताए ।

देशैभर दुई सय ९४ शाखा रहेको सो बैंकले ७७ वटै जिल्लामा ४६ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा दिँदै आइरहेको छ । चालु आवको पुस मसान्तसम्म बैंकको कुल निक्षेप चार खर्ब ५० अर्ब रुपैयाँ, कुल कर्जा सापट दुई खर्ब ८४ अर्ब रुपैयाँ, चुक्ता पुँजी १५ अर्ब ६३ करोड रुपैयाँ, कुल सम्पत्ति पाँच खर्ब २६ अर्ब रुपैयाँ तथा नेटवर्थ दुई अर्ब ५५ करोड रुपैयाँ रहेको सो अवसरमा जानकारी दिइयो ।

उपप्रधानमन्त्री पौडेलले कोहलपुर र महेन्द्रनगर शाखाका नवनिर्मित भवन र विभिन्न २७ शाखाको डिजिटल कारोबारको ‘भर्चुअल’ माध्यमबाट उद्घाटन गरेका थिए । त्यसक्रममा उपप्रधानमन्त्री पौडेलले बैङ्कले प्रकाशन गरेको स्मारिका ‘उपहार २०८१’ विमोचन गरेका थिए । समारोहमा बैङ्कमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई दीर्घ सेवा पदक र उत्कृष्ट कर्मचारी तथा शाखा कार्यालय र सेवानिवृत्त ज्येष्ठतम कर्मचारीलाई सम्मान गरिएको थियो । रासस

# अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक




**सुदूरपश्चिम ।**
धनगढीमा गो ड्रिमर्सको आयोजनामा यही माघ १९ देखि २८ गतेसम्म आयोजना हुने अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको छ ।

प्रतियोगितामा सहभागी आठ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समुह ‘ए’ मा डिसिए धनगढी, फ्रेन्ड्स युवा क्लब डडेल्धुरा, घोडाघोडी–११ सुख्खड कैलाली र बोष्टन क्रिकेट झापा रहेका छन् । समूह ‘बी’ मा सिवाइसी अत्तरिया, दशरथ चन्द एकेडेमी बैतडी, क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र न्यु होराइजन बुटवल रहेका छन् ।

माघ १९ गते हुने उद्घाटन खेलमा डिसिए धनगढी र फ्रेन्ड्स युवा क्लब डडेल्धुरा प्रतिस्पर्धा गर्ने भएका छन् भने २० गते सिवाइसी अत्तरिया र दशरथ चन्द एकेडेमी बैतडीले पहिलो खेल खेल्दा दोस्रो खेलमा डिसिए धनगढी र घोडाघोडी–११ सुख्खड कैलाली खेल्नेछन् । माघ २१ गते पहिलो खेलमा फ्रेन्ड्स युवा क्लब डडेल्धुरा र बोष्टन क्रिकेट झापा तथा दोस्रो खेलमा सिवाइसी अत्तरिया र क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं खेल्नेछन् ।

माघ २२ गते दशरथ चन्द एकेडेमी बैतडी र न्यु होराइजन बुटबल पहिलो तथा डिसिए धनगढी र बोष्टन क्रिकेट झापा दोस्रो खेलमा प्रतिस्पर्धा गर्नेछन् भने २३ गतेको पहिलो खेलमा क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौँ र न्यु होराइजन बुटवलले प्रतिस्पर्धा गर्दा दोस्रो खेलमाघोडाघोडी–११ सुख्खड कैलाली र बोष्टन क्रिकेट झापा खेल्नेछन् ।

माघ २४ गतेको पहिलो खेल क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौँ र दशरथ चन्द एकेडेमी बैतडीबीच हुनेछ भने दोस्रो खेलमा घोडाघोडी–११ सुख्खड कैलाली र फ्रेन्ड्स युवा क्लब डडेल्धुरा खेल्नेछन् । माघ २५ गते लिग चरणको अन्तिम खेलमा सिवाईसी अत्तरिया र न्यु होराइजन बुटवलले प्रतिस्पर्धा गर्नेछन् ।

त्यस्तै माघ २६ गते पहिलो सेमिफाइनल, माघ २७ गते दोस्रो सेमिफाइनल र माघ २८ गते फाइनल खेल हुनेछन् । पहिलो सेमिफाइनल खेलमा समूह ‘ए’ को विजेता र समूह बी को उपविजेताबीच फाइनल प्रवेशका लागि खेल हुनेछ भने दोस्रो सेमिफाइनलमा समूह बी को विजेता र समूह ‘ए’ को उपविजेता फाइनलको यात्रा तय गर्नका लागि खेल्नेछन् ।

स्वर्गीय अर्जुन खड्काको स्मृतिमा आयोजना गर्न लागेको अर्जुन ट्रफीमा झण्डै २० लाख रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ । रनिङ ट्रफीको रुपमा टी–२० फम्र्याटको प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँसहित ट्रफी पाउनेछन् ।प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई एक लाख रुपैयाँ प्रदान गरिनेछ । उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र उदयमान खेलाडीले जनही ५०÷५० रुपैयाँ हजार पाउनेछन् । प्रत्येक खेलका म्यान अफ द म्याचलाई १० हजार रुपैयाँ प्रदान गरिनेछ । प्रतियोगितामा देशभरका आठ क्लबका टोलीको सहभागिता रहेको छ । रासस

# प्रधानमन्त्री कप क्रिकेटः एपिएफ विजयी



**सुदूरपश्चिम ।**
प्रधानमन्त्री कप टी–२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत विहीबार भएको पहिलो सुपर फोरको खेलमा एपिएफ क्लब विजयी भएको छ ।

धनगढीस्थित फाप्ला मैदानमा भएको खेलमा एपिएफले बागमती प्रदेशलाई १० विकेटले पराजित ग¥यो । जितसँगै एपिएफ फाइनल नजिक पुगेको छ । जितका लागि पाएको ४३ रनको लक्ष्य एपिएफले छ दशमलव पाँच ओभरमा बिना विकेटको क्षतिमा पूरा ग¥यो । त्यसमा ममता चौधरी अविजित २३ र राजमती ऐरी १४ रनमा नटआउट रहिन ।

यसअघि टस हारेर ब्याटिङ गरेको बागमतीले १८ ओभरमा आठ विकेटको क्षतिमा ४२ मात्रै जोड्न सक्यो । हुस्सुका कारण १८ ओभरमा झारिएको खेलमा बागमतीका कुनै पनि ब्याटरले दोहोरो अंकमा रनसमेत जोड्न सकेनन् । बलिङमा एपिएफका सुमन विष्टले तीन, रेखा रावल र विनु बुढाले २÷२ विकेट हात पारिन । सुमन प्लेयर अफ द म्याचसमेत चुनिइन ।यही माघ १ गतेदेखि शुरु भएको प्रतियोगिता माघ १२ गते सम्पन्न हुनेछ । राष्ट्रिय खेलकुद परिषद्को कार्यक्रमअनुसार नेपाल क्रिकेट सङ्घको आयोजना र सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भइरहेको हो ।

प्रतियोगिताको उपाधि जित्नेले पाँच लाख रुपैयाँ, दोस्रो हुनेले तीन लाख रुपैयाँ, प्लेयर अफ द सिरिजलाई ५० हजार रुपैयाँ, बेस्ट ब्याटर र बेस्ट बलरलाई २५/२५ हजार रुपैयाँ पुरस्कार दिइनेछ । रासस

# सभापति कप फुटबलः संकटा क्लब विजयी



**काठमाडौं ।**
राजधानीमा विहीबारदेखि शुरु सभापति कप पुरुष फुटबल प्रतियोगितामा सङ्कटा क्लबले विजयी सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा सङ्कटा क्लबले चर्च ब्वाइज युनाइटेड क्लबलाई ३–० गोलअन्तरले पराजित गरेको हो ।

सङ्कटाको जितमा अबेक रिर्चडले दुई गोल गरे भने चन्दन दासले एक गोल गरे ।

खेलको २३ औँ मिनेटमै रिचर्डले सङ्कटालाई सुरुआती अग्रता दिलाए । त्यस्तै खेलको ७०औँ मिनेटमा श्रीजन क्षेत्रीले चर्च ब्वाइजका कप्तान अनन्त तामाङलाई बिट गर्दै दिएको बललाई रिचर्डले नै जाली चुमाउँदै टोलीको अग्रता दोब्बर बनाए । खेलको ७३औँ मिनेटमा चन्दन दासले गोल गरे ।

उक्त हारसँगै चर्च ब्वाइज प्रतियोगिताबाट बाहिरिएको छ । शुक्रबार दिउँसो ३ बजे मछिन्द्र क्लब र विभागीय टोली एपिएफ कल्बबीच प्रतिस्पर्धा हुनेछ ।

नकआउट चरणमा सञ्चालन भएको उक्त प्रतियोगितामा विभिन्न आठ टोलीको सहभागिता छ । प्रतियोगिताको विजेता टोलीले २६ लाख रुपैयाँ तथा उपविजेता टोलीले १३ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

# ओझेलको कबड्डी व्यावसायिकतातर्फ



राजु सिलवाल
काठमाडौँ।

नेपाल सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको केही वर्ष भइसकेको भएता पनि अझै कतैकतै कबड्डीलाई राष्ट्रिय खेल भनि चर्चा गर्ने गरिएको सुनिने गरिएको छ । नेपालमा कबड्डी खेल्नेको संख्या कम छैन । धेरैले स्कूल पढदादेखि नै कबड्डीको खेलको अनुभव हासिल गरेका हुन्छन् । नेपालका तराई क्षेत्रका साथै मध्यपश्चिम र सुदूरपश्चिममा कबड्डी खेल्नेको संख्या अत्यधिक भएता पनि यो खेलले कहिल्यै प्राथमिकता पाउन सकेन । सधैं ओझेलमा पर्दै आएको कबड्डी खेलमा पहिलोपटक सहभागी सबै खेलाडीले पारिश्रमिक लिएर खेल्ने अवसर पाएका छन् । नेपालमा खेलिने गरिएको खेलहरुमध्ये पुरानो खेल भएता पनि कबड्डी खेलको पहिलोपटक व्यवसायिक अभ्यास हुने भएको छ । राष्ट्रिय खेलको रुपमा आधिकारिक मान्यता पाउन नसकेको कबड्डीको नेपाल लिग हुने भएको हो।

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट नेपालमा व्यवसायिक खेलको विकासका लागि महत्वपूर्ण प्रतियोगिता साबित हुँदै समाप्त भएलगत्तै कबड्डी खेलमा पनि व्यवसायिक अभ्यासको अध्याय प्रारम्भ हुँदैछ । नेपालमा फेन्चाइज प्रतियोगिता क्रिकेट, फुटबल र भलिबलपछि नेपाल कबड्डी लिग (एनकेएल)को पहिलो संस्करण यही माघ ४ गतेदेखि माघ १८





गतेसम्म काठमाडौँमा डबल राउण्ड रोबिनको आधारमा सञ्चालन भइरहेको छ । एनपिएल क्रिकेटमा जस्तै कबड्डीको प्रतियोगितामा सहभागी हुने विभिन्न शहरका छ टिमका लागि नेपालमा स्थापित भएका खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा छनोट गरिएको थियो । प्रतियोगितामा नेपालमा विभिन्न ६ वटा शहरहरुको प्रतिनिधित्व गर्दै विराटनगर ब्यान्डिटस, जनकपुर नाईटस, काठमाडौँ माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेड्डर्स तथा धनगढी वाईल्ड टिम सहभागी हुदैछन्।

प्रत्येक टिममा १४ जना खेलाडी रहेका छन् । सबै टिमले बढीमा चार जनासम्म विदेशी खेलाडी खेलाउन पाउने छन् । ती टिमहरुका लागि ड्राफ्टद्वारा कूल १२० जना नेपाली खेलाडीमध्ये ८४ जनालाई छनोट गरिएको थियो । यसपालि विभिन्न मुलुकका २५ खेलाडीमध्ये १८ जना छनोटमा परेर एनकेएल खेल्दैछन् । यसमा बंगलादेश, केन्या, श्रीलङ्का तथा थाइल्याण्डलगायतका खेलाडी छन् । विभिन्न टिममा नेपालीसहित भारतीय प्रशिक्षक संलग्न भएका छन् । यसमध्ये एक मात्र नेपाली महिला प्रशिक्षक पार्वती राई पनि छिन् । उनकै प्रशिक्षणमा गत १९औं एशियाली खेलकुदमा नेपाली महिला कबड्डी टिमले कास्य पदक प्राप्त गरेको थियो । नेपालको खेलकुद विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहदैं आइरहेको छ । कबड्डी खेलको विकास र विस्तार एवं व्यावसायिकतातर्फ अगाडि लैजानेकार्यका लागि एनकेएल प्रतियोगिता उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ।

## पहिलोपटक पारिश्रमिक

एनेएल प्रतियोगिताले कबड्डी खेलेर पनि नेपालमा आत्मनिर्भर बन्न सकिने सन्देश दिन खोजेको छ । प्रतियोगितामा खेलिरहेका सबै खेलाडीलाई उनीहरु आबद्ध क्लबहरुले पारिश्रमिक प्रदान गर्दैछन् । नेपालमा कबड्डी खेलाडीहरुले खेल्नकै लागि पारिश्रमिक पाएको यो पहिलोपटक हो । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टोलीमा आबद्ध खेलाडीबाहेक अन्य कबड्डी खेलाडीले यसअघि विदेशमा प्रतियोगिता खेल्न जाँदा पाएको सीमित दैनिक भत्ताबाहेक कहिल्यै पारिश्रमिक पाएका थिएनन् । खेलाडीहरुलाई उनीहरुको खेल क्षमताको आधारमा ए, बि र सी श्रेणीमा विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको छ । खेलमा पहिचान बनाइसकेका महत्वपूर्ण खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा अन्य खेलाडीलाई भन्दा बढी पारिश्रमिक दिइएको छ।

## व्यापारिक क्षेत्रको झुकाव

एनकेएल प्रतियोगिताको आयोजना निजी क्षेत्रको एस्ट्रोनेक्स म्यानेजमेण्टले गरेको हो । प्रतियोगिता आयोजनाका लागि आयोजकले करिब रु तीन करोड खर्च गरेका छन् । बेगानीले यो प्रतियोगिताको आयोजना गर्दा तत्काल लाभभन्दा पनि कबड्डी खेललाई व्यावसायिक रुपमा अघि बढाउने लक्ष्य राखिएको छ । प्रतियोगिता आयोजना गर्ने अखिल नेपाल कबड्डी संघसँग आगामी १० वर्षका लागि सम्झौता गरिएको छ। प्रतियोगितामा सहभागी हुने छ वटै टिम नेपालका कर्पोरेट हाउसले किनेका छन् । प्रत्येक टिमले ५० लाख रुपैंयाँभन्दा बढी खर्च गरेको जनाइएको छ । सहभागी सबै खेलाडीका साथै प्रशिक्षकलाई केही दिनदेखि काठमाडौँमा विभिन्न होटलमा राखिएको छ । उनीहरुका लागि सम्पूर्ण सामग्रीको व्यवस्था टिमका तर्फबाट ब्यहोरिएको छ । प्रतियोगिताका प्रारम्भिक वर्षमा केही लाभ हुनसक्ने अवस्था देखिदैंन् । तर त्यसपछि हुने




आर्थिक लाभ तथा प्रतियोगिता सफलतापछिको सन्तुष्टि महत्वपूर्ण मानिएको छ।

## विदेशीसँग सिक्ने अवसर

यो प्रतिगितामा नेपाली तथा विदेशी खेलाडीले एउटै टिममा रहेर खेल्दैछन् । यसबाट नेपाली खेलाडीहरुले नयाँनयाँ शैली सिक्ने अवसर पाउने छन् । विभिन्न देशबाट आएका अनुभवी खेलाडीहरुसंग एउटै टिममा बसेर खेल्न पाउनु नेपाली खेलाडीहरुका लागि महत्वपूर्ण मौका हो । यसबाट भविश्यमा नेपाली खेलाडीलाई पनि विदेशी टिममा खेल्न जाने अवसरको ढोका खोलिने अपेक्षा गर्न सकिन्छ । प्रत्येक टिममा रहेका चार जना विदेश खेलाडीसँगको सहकार्यबाट नेपाली खेलाडीहरुले नयाँ सीप सिक्ने छन् । जसले आगामी दिनमा नेपालको कबड्डी टिमलाई बलियो बनाउनुका साथै स्वयम आफू पनि व्यावसायिक खेलाडीका रुपमा अन्तर्राष्ट्रिय टिममा प्रवेश पाउन लागि यो उपयुक्त मार्ग बन्न सक्नेछ । भारतबाट आएका प्रशिक्षक तथा प्राविधिक अधिकारीहरुबाट पनि नेपाली प्रशिक्षक तथा अन्य प्राविधिकले नयाँ ज्ञान तथा सीप सिक्न सक्नेछन्।

## विदेशी टिमका अनुभवी नेपाली

नेपाली राष्ट्रिय पुरुष कबड्डी टिमका कप्तान घनश्याम रोका मगर काठमाडौं माभरिक्स टिमका तर्फबाट एनकेएलमा खेल्दैछन् । उनले विदेशी टिमबाट समेत खेलेर व्यवसायिक अनुभव हासिल गरेका छन् । केही समयअघि उनले भारतको पुनामा आयोजित प्रो कबड्डी लिगमा दोस्रोपटक भारतीय टिमका तर्फबाट खेलेका थिए । यसपटक उनि सम्मिलित हरियाणा स्टिलर्स टिम प्रतियोगितामा सर्वप्रथम भएको थियो । गतवर्ष उक्त टिमले दोस्रो स्थान प्राप्त गरेको थियो।

नेपालको तर्फबाट उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदै चौंथो बंगबन्धु कबड्डी च्याम्पियनसीपमा उत्कृष्ठ खेलाडी पुरस्कार पाएका थिए । उनी सम्मिलित टिमलेने जुनियर वल्डकप च्याम्पियनसीपमा तेस्रो स्थान प्राप्त गरेको थियो । यस्तै अन्य उत्कृष्ठ खेलाडीहरुको खेल एनकेएलमा हेर्न पाइनेछ । विराटनगर टिममा कल्याण भुजेल, धनगढीमा पदमबहादुर विष्ट, हिमालयनमा गणेश पार्की, जनकपुरमा राजु टमाटा र पोखरा टिममा प्रदिप मिझारजस्ता अनुभवी खेलाडीहरु मार्की खेलाडीका रुपमा सम्मिलित भएका छन्।

## टेलिभिजनबाट प्रत्यक्ष प्रसारण

भारतमा क्रिकेटको इण्डियन प्रिमियर लिग आइपिएलपछि दर्शकहरुले सबैभन्दा बढी हेर्ने खेलमा प्रो कबड्डी लिग परेको छ । नेपालमा पनि टेलिभिजन तथा सामाजिक सन्जालमार्फत हुने प्रत्यक्ष प्रसारणले नेपाली दर्शकहरुको सङ्ख्या बढाउने अनुमान आयोजकहरुको गरेका छन् । यसले गर्दा कबड्डीको लोकप्रियता आगामी दिन बढन लाने अपेक्षा गर्न सकिन्छ । कबड्डीको प्रतियोगिता हेर्नका लागि पनि दर्शकहरुले धेरै समय खर्च गर्नु पर्दैन । एउटा खेलको कूल अबधि ४० मिनेटको हुनेछ।

## स्थायी संरचना बन्दै

यसपालि एनकेएल प्रतियोगिताको नारा 'माटोदेखि मैदानसम्म' तय गरिएको छ । नेपालले कबड्डी खेलाडीहरुलाई एशियाली खेलकुद, दक्षिण एशियाली खेलकुदलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउँदै आइरहेको भएता पनि हालसम्म पनि कबड्डी खेल अभ्यासका लागि आफ्नै खेल मैदान तथा कभर्ड हलको व्यवस्था हुन सकेको छैन । काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ स्पोर्टस कम्लेक्समा रहेको कभर्ड हलमा बिहानदेखि विभिन्न खेलका अभ्यास हुने भएकाले खेल अभ्यासका लागि खेलाडीहरुले कुर्नुपर्ने बाध्यता रहेको छ।

यसैबीच नेपाल कबड्डी संघद्वारा कागेश्वरी मनहरा नगरपालिकामा कबड्डी ग्राउण्ड निर्माण कार्य शुरु गरिएको छ । काठमाडौंमा कबड्डी खेल्नका लागि मैदानको अभाव भैरहेको स्थितिलाई समाधान गर्ने यो ग्राउण्ड निर्माण गर्न लागिएको हो । कबड्डीका लागि स्थायी संरचना बनाउने लक्ष्य राखिएको संघले जनाएको छ । एनकेएल प्रतियोगिताको उदघाटनका दिन दर्शक रङ्गशालास्थित कभर्डहलमा लेजर सोका साथै विभिन्न रंङ्गीचङ्गी साङ्गितिक कार्यक्रम पनि आयोजना गरिने भएको छ । प्रतियोगिता अवधिभर आयोजना हुने कूल १९ वटै खेलको एकैपटक टिकट किन्न सकिने व्यवस्था गरिएको छ । पुरुषहरुको कबड्डी लिगपछि महिलाहरुको लिग आयोजना गरिने लक्ष्य राखिएको छ।

नेपालले एशियाली खेलकुद, दक्षिण एशियाली खेलकुदजस्ता महत्वपूर्ण प्रतियोगितामा पदक भित्र्याउन सक्ने सम्भावित खेलका रुपमा कबड्डीलाई अग्रपङ्तिमा राख्न सकिन्छ । तर सरकारले यो खेललाई उच्च प्राथमिकता दिदैं खेलप्रतिको आकर्षण बढाउँदै लैजाने वातावरण बनाउनु पर्दछ । अहिले नेपाली युवाहरु अवसरको खोजीमा विदेशतर्फ आकर्षित भैरहेको अवस्थामा नेपालमा खेलेर पनि जीवनयापन गर्न सकिने अवस्था निर्माणका लागि नेपाल कबड्डी प्रिमियर लिग एनपिएलजस्ता प्रतियोगिता उपयुक्त पहल हुने अपेक्षा गरिएको छ । (लेखक खेल पत्रकार हुन्) रासस

# सांसद ढकाल र युएनका सभाध्यक्ष याङबीच भेटघाट



**मधेशदृष्टि**
**वीरगंज ।**
अमेरिकाको भ्रमणमा रहेका प्रतिनिधि सभाका सदस्य एकनाथ ढकालले संयुक्त राष्ट्र संघ महासभाका अध्यक्ष फिलिमेन याङसँग भेटघाट गरेका छन् ।

न्यूयोर्क स्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा भएको भेटमा सांसद ढकालले नेपालको शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको योगदानको कदर गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फवाट शुभकामना संदेश दिए । महासभाका अध्यक्ष फिलिमेन याङले संयुक्त राष्ट्रसंघको ७९औं महासभामा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भएको महत्वपुर्ण भेटवार्ताको स्मरण गर्दै नेपालको शान्ति र समृद्धिको यात्रामा सयुक्त राष्ट्र संघको सदैव सद्भाव रहने बताए ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको सपथ ग्रहणमा सहभागी हुन अमेरिका पुगेका ढकालले वाशिंटन डिसीमा रिपब्लिकन र डेमोक्र्याट पार्टीका छ जना सांसदहरुसँग समेत भेट गरेका थिए । पूर्वमन्त्री समेत रहेका ढकालले क्यपिटोल हिल (संसद भवन) मा अमेरिकी सांसदहरु बेथ भान डाइन, डानी देविज, जोहन टाईलर डूलिटल, जोनाथन ज्याकसन्, लुइए गोहमेर्ट लगायतसँग संसद भवनमा द्विपक्षीय हित र नेपाल–अमेरिका संसदीय आदानप्रदान बारे छुट्टा छुट्टै कुराकानी गरेका थिए ।

# पेट्रोलियम पदार्थबाट ३७ अर्ब राजस्व सङ्कलन

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको छ महिनामा वीरगंजबाट ८७ अर्ब ३२ करोड ३९ लाख ४० हजार रुपैयाँ बराबरको डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएशन टर्बाइन फ्युल (एटिएफ), मट्टितेल आयात हुँदा ३६ अर्ब ९६ करोड ३६ लाख २४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । गत आवको सोही अवधिको तुलनामा चालु आवको छ महिनामा पेट्रोलियम पदार्थ आयातबाट चार अर्ब बढी राजस्व सङ्कलन भएको छ । चालु आवको छ महिनामा ४२ अर्ब २४ करोड रुपैयाँ बराबरको चार लाख ७९ हजार सात सय ९९ किलोलिटर डिजेल आयातबाट १८ अर्ब ९८ करोड रुपैयाँ राजस्व सङ्कलन भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

चालु आवको छ महिनामा दुई लाख २० हजार तीन सय ८५ किलोलिटर आयात भएको पेट्रोलबाट १२ अर्ब ४७ करोड रुपैयाँ राजस्व दाखिला भएको छ । चालु आवको छ महिनामा आठ अर्ब नौ करोड बराबरको ८९ हजार तीन सय ८० किलोलिटर (एटिएफ) आयातबाट एक अर्ब एक करोड तथा ३६ करोड २० लाख रुपैयाँ बराबरको चार हजार २० किलोलिटर मट्टितेल आयातबाट १० करोड रुपैयाँ राजस्व सङ्कलन भएको जनाइएको छ ।

आव २०८०÷८१ को छ महिनामा ८८ अर्ब ७८ करोड रुपैयाँ बराबरका पाँच थरिका पेट्रोलियम पदार्थ आयात भएको थियो । गत आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट ३२ अर्ब ९५ करोड ४१ लख ४६ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एकडारा, महोत्तरी, मधेश प्रदेश, नेपाल

# प्रयागराज महाकुम्भ मेलाः
# धार्मिक पर्यटन प्रवर्द्धन गर्न उपयोगी



**सिबी अधिकारी**
**भारत ।**
गङ्गा, यमुना र सरस्वती नदीको सङ्गमस्थल प्रयागराजमा हाल विश्वप्रसिद्ध महाकुम्भमेला चलिरहेको छ । भारतको प्रयागराजमा हरेक १२ वर्षमा आयोजना हुने उक्त कुम्भमेलाको पहिलो दिनमै एक करोडभन्दा बढी व्यक्तिले स्नान गरेको भारतको उत्तर प्रदेश पर्यटन विभागले जनाएको छ । यही माघ १ गतेदेखि शुरु भई ४५ दिनसम्म सञ्चालन हुने उक्त कुम्भमेलामा हिन्दू धर्मावलम्बीहरूले भारतको सबैभन्दा पवित्र नदी मानिने गङ्गा, यमुना र पौराणिक सरस्वती नदीको सङ्गममा स्नान गर्ने गर्छन् । मेलामा ४५ करोड तीर्थालु भक्तजन आउने विभागले अनुमान गरेको छ । हिन्दू धर्माबलम्बीहरुको पवित्र भूमि प्रयागराजमा महाकुम्भ स्नान गर्न भारत, नेपालसहित विभिन्न मुलुकबाट लाखौँको संख्यामा तीर्थयात्री आउने गरेका छन् ।



उत्तर प्रदेश पर्यटन विभागका महानिर्देशक ईशा प्रियाले एक सय ४४ वर्षपछि परेको महाकुम्भमेलाको विशेष महत्व रहेको भन्दै प्रयागराज महाकुम्भको अद्भुत आनन्द लिन सबैमा आह्वान गरिन् । उनले सीमापार धार्मिक पर्यटन प्रवद्र्धनका लागि महाकुम्भमेला उपयोगी बन्ने विश्वास व्यक्त गरिन् ।

### मेलाको रौनक

मेलामा स्नान गर्न आउने तीर्थालु भक्तजनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ । मेलालाई दृष्टिगत गर्दै भारत सरकारले २५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको जनाएको छ । मेलाको आकर्षणका रुपमा इलाहवाद सडकका चोकचोकमा सूचनामूलक ब्यानर, पोष्टर र झिलीमिली बत्तीले झकिझकाउ पारिएको छ । तीन नदीको सङ्गमस्थलमा दायाँ र बायाँ किनारमा तीर्थालु भक्तजनका लागि बासस्थानका निम्ति स्तर अनुसारको सुविधासम्पन्न अस्थायी 'टेन्ट हाउस'हरु निर्माण गरिएका छन् । रातको समयमा टेन्ट हाउस क्षेत्रमा झिलीमिली बत्तीले मेलाको रौनकलाई थप बढावा दिएको छ । मेलामा बास व्यवस्थापनका लागि अस्थायी शिविर, स्वास्थ्य शिविर रहेका छन् । एक लाखभन्दा बढी टेन्ट स्थापना गरिएको छ । मेलामा नागाबाबा, अघोरी बाबाको भिन्न आकर्षण देखिन्छ । मेलाको सुरक्षालाई मध्यनजर गर्दै नदीको पानीमुनि २५ हजारभन्दा बढी सिसी क्यामेरा जडान गरिएका छन् । भारतीय सञ्चारमाध्यमले जनाएअनुसार मेलामा पुग्ने तीर्थालुको सहजताका लागि प्रयागराज विमानस्थलबाट सात हजारभन्दा बढी बसको व्यवस्था गरिएको छ । पाँच सय ५० सटल बस, १३ हजारभन्दा बढी रिक्सा, १३ हजार ट्रेन, तीन हजार विशेष ट्रेनको व्यवस्था मिलाइएको छ । यसैगरी, मेला क्षेत्रमा ४३ अस्थायी अस्पताल स्थापना गरिएका छन् । सरकारी र निजी गरी ६ हजार शय्याको व्यवस्था छ । एयर एम्बुलेन्ससहित सडक एम्बुलेन्सको व्यवस्था गरिएको छ । हेलिकोप्टरबाट मेलाको अवलोकन गर्ने प्रबन्ध समेत गरिएको छ । भारतीय राष्ट्रपति द्रौपदी मुर्मु तथा प्रधानमन्त्री नरेन्द्र मोदीसमेत महाकुम्भमेला अवलोकन गर्न पुग्ने बताइएको छ ।

### दश करोड बढीले स्नान गरे

महाकुम्भमेलामा हालसम्म १० करोडभन्दा बढी व्यक्तिले पवित्र स्नान गरेको भारतीय समाचार एजेन्सीहरुले उल्लेख गरेका छन् । दैनिक एक करोड हाराहारी भक्तजन महाकुम्भ पुगिरहेका छन् । मेलाको आज १०औँ दिनमा पनि तीर्थालुको उत्तीकै घुइँचो रहेको छ । पवित्र नदीहरूको सङ्गममा स्नान गर्दा पापमोचन हुने र आत्मा शुद्ध हुने जनविश्वास छ । मेलामा सहभागी धर्मावलम्बीहरूको ताँती अन्तरिक्षबाट देख्न सकिने बताइएको छ । दैनिक एकदेखि डेढ करोड भक्तजनले गङ्गा स्नान गरेको भारतीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । ज्योतिषीहरूले निश्चित ग्रह र नक्षत्रहरूका आधारमा नुहाउने मिति र शुभ समय तय गरेका छन् । त्यसका आधारमा स्नानका लागि सोमबारबाहेक अन्य पाँच दिन शुभ रहेको बताइएको छ । कुम्भमेला हिन्दू धर्मावलम्बीको एक महान् स्नान पर्व हो । यो मेला पृथ्वीमा जम्मा १२ स्थानमा लगाउन सकिने कुरा शास्त्रहरूले उल्लेख गरेका भए पनि हालसम्म जम्मा पाँचवटा स्थान मात्र पत्ता लागिसकेका छन् । ती पाँच स्थानमध्ये भारतका चार ठाउँमा प्रत्येक तीन–तीन वर्षको अन्तरालमा लाग्दछ भने एक कुम्भस्थल नेपालमा पर्दछ । कुम्भमेला हुने स्थलहरुमा इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र), हरिद्वार (उत्तराखण्ड) र चतराधाम (बराहक्षेत्र, सुनसरी नेपाल) रहेका छन् ।

### के हो महाकुम्भमेला

यो मेला एक स्थानमा प्रत्येक १२ वर्षमा लाग्ने गर्दछ । हिन्दू धर्मका सबै ग्रन्थमा कुम्भमेलाको वर्णन गरिएको पाइन्छ । धर्म ग्रन्थका अनुसार जो व्यक्ति कुम्भमा स्नान गर्दछ त्यो सम्पूर्ण पापबाट मुक्त भएर पुण्यको भागी बन्नेछ भन्ने मान्यता रहेको छ । भारतका चार कुम्भमेलाका सन्दर्भमा सूर्य, चन्द्र एकै राशिमा परेको, बृहस्पति वृष राशि तथा मौन अमावश्या र श्रीपञ्चमीको बीचमा कुम्भ सङ्क्रान्ति परेका अवस्थामा महाकुम्भ योग पर्छ र यसैलाई महाकुम्भ भनिन्छ ।

कुम्भमेला भारतको तीन ठाउँमा लाग्ने गरेको थियो । तर २०५९ वैशाख १ गतेदेखि नेपालको सुनसरी जिल्लास्थित चतराधाममा समेत लाग्न थालेको छ ।

### 'डिजिटल' महाकुम्भ

भारतको संस्कृति मन्त्रालयका अनुसार महाकुम्भमेलामा विज्ञान प्रविधिको पनि भरपुर उपयोग गरिएको छ । प्रयागराज महाकुम्भमा अध्यात्म र नवप्रवर्तनको असाधारण मिश्रणका रुपमा 'सेट' गरिएको छ । आधुनिक प्रविधिलाई अँगालेर उच्च–टेक सुरक्षा उपायहरुदेखि डिजिटल भूमि 'आवंटन'हरु र 'इमर्सिभ भर्चुअल' वास्तविकता अनुभवहरु, महाकुम्भ २०२५ ले भक्तहरुलाई पूर्वाधार, सुरक्षा र डिजिटल सेवाहरुमा व्यापक तरिकाका साथ महाकुम्भ परम्परा र प्रविधिबीचको मेलमिलापको नमूना बनेको छ । भक्तजनको सुरक्षाका लागि विशेष साइबर सुरक्षा व्यवस्था सुरु गरिएको छ ।

### साइबर सुरक्षा

उत्तर प्रदेश सरकारले प्रिन्ट, डिजिटल र सोसल मिडियासहित प्रत्येक प्लेटफर्म प्रयोग गर्ने निर्णय गरेको छ । एआई, फेसबुक, एक्स र इन्स्टाग्राम जस्ता प्लेटफर्महरू शोषण गर्ने गिरोहहरूको अनुसन्धान गरिरहेका छन् । व्यापक जनचेतना अभियानका लागि मोबाइल साइबर टोली पनि तैनाथ गरिएको छ । उत्तरप्रदेश पर्यटन विभागका अतिरिक्त रणनीतिक अधिकृत आकाश दीपले प्रयागराज महाकुम्भले ऐतिहासिक रेकर्ड बनाएको बताउँदै धार्मिक पर्यटन अभिवृद्धिमा टेवा पुग्ने धारणा राखे । वनारसी टुरिजम गिल्टका अध्यक्ष सन्तोषकुमार सिंहले १२ वर्षपछि लाग्ने कुम्भमेलामा हिन्दू नेपाली पर्यटकलाई सहभागी हुन आह्वान गरे । आगरा ट्राभल एजेन्ट एसोसिएसनका महासचिव कौशलेन्द्र सिंहले महाकुम्भ मेलाले क्षेत्रीय धार्मिक पर्यटन प्रवद्र्धनमा सघाउ पुऱ्याउने बताए ।

महाकुम्भमेलामा पहिलो दिन मकर सङ्क्रान्तिका दिन महामण्डलेश्वरले शाही स्नान गर्ने चलन छ । त्यसो त श्रीपञ्चमी, शिवरात्रि र पूर्णिमा पनि शाही स्नान गर्ने प्रचलन छ । उक्त दिन शाही स्नानका कारण केही समय सर्वसाधरण भक्तजनका लागि केही असुविधा हुने समेत आयोजकको भनाइ छ । अन्य दिन भने भक्तजनहरुले सहज रुपमा महाकुम्भ स्नान गर्नेगरी विभिन्न घाटहरु निर्माण गरिएको छभने घाटसम्म पुग्नका लागि मोटरबोट तथा डुङ्गाहरु पर्याप्त मात्रामा उपलब्ध छ ।

महाकुम्भको इतिहास पुरानो छ । केही ग्रन्थहरुका अनुसार सत्ययुगमा पहिलो महाकुम्भमेला आयोजना भएको मानिन्छ । जसको सुरुआत शङ्कराचार्यले गरेका थिए । जानकारहरुका अनुसार कुम्भको परम्परा हजारौँ वर्ष पुरानो हो । नेपालबाट पनि उल्लेख्य संख्यामा तीर्थालुहरु महाकुम्भ मेला गइरहेका छन् । साथीभाइ, परिवार र समूह बनाएर नेपालीहरु प्रयागराजमा स्नानका लागि गएका हुन् । समुद्र मन्थनको समयमा देवता र दानवहरू अमृत पाउनका लागि लडिरहेका थिए, सोही क्रममा भगवान् इन्द्रका छोरा जयन्त अमृत भाँडा लिएर भागिदिए, त्यसपछि ती दानवहरू पनि कलश लिन जयन्तको पछि लागे । यस समयमा राक्षस र देवताहरूबीच भयानक युद्ध भयो । जब जयन्त अमृत कलश लिएर भागे, अमृत कलशका केही थोपा भने चार ठाउँमा खसे, जहाँ अहिले महाकुम्भ आयोजना गरिएको छ । त्यसबेलादेखि, प्रयागराज, उज्जैन, नासिक, हरिद्वारमा १२–१२ बर्षको अन्तरालमा कुम्भमेला आयोजना गरिएको पाइन्छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन